जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ११४ • २०८२ साल भाद्र २६ गते बिहीबार (11 September, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सुशिला कार्कीलाई बालेनको समर्थन

# नयाँ सरकारको नेतृत्वबारे जंगीअड्डाबाहिर विवाद



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ सरकार गठनका लागि आह्वान गरेपछि जेन-जी युवा पुस्ता नेपाली सेनासंगको संवादमा रहेका छन् ।

नयाँ सरकार गठनका लागि नेपाली सेनाले जेन-जीलाई राजावादी दुर्गा प्रसाईँ र रास्वपासंगसमेत छलफल गर्न भनेपछि केही बेरसम्म अलमलमा रहेको थियो । त्यसपछि सेनासंग जेन- जीले थालेको संवाद तथा छलफलको क्रममा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की, काठमाण्डु महानगरपालिकाका मेयर बालेन्द्र शाह, हर्क सम्पांगलगायतको नामसमेत चर्चामा रहेको बताइएको छ ।

तर आगामी सरकारको नेतृत्वमा पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीलाई अघि बढाउन काठमाण्डु महानगरपालिकाका मेयर बालेनले समर्थन गरेपछि जेन- जीले समेत सो प्रस्तावलाई नेपाली सेना समक्ष प्रस्ताव अघि सारगेको ।

जेनजी प्रतिनिधिहरूले पूर्वप्रधानन्यायाधीश कार्कीलाई नयाँ नेतृत्वका लागि प्रधानसेनापति अशोक सिग्देलसमक्ष प्रस्ताव गरेका थिए ।

बुधबार दिउँसो जेनजी प्रतिनिधिले पूर्वप्रधानन्यायाधीश कार्कीको नाम प्रस्ताव गरे पनि बाहिर भेला भएर युवाहरुले त्यसविरुद्ध नाराबाजी गरेका थिए ।

कतिपयले काठमाण्डु महानगरपालिकाका मेयर बालेनसहितका नामहरु समेत लिएका थिए ।

काठमाण्डुमा बुधबार दिनभर जने-जी युवाले सामाजिक सञ्जाल डिस्कर्डमा समेत कसलाई नेतृत्वमा ल्याउने भन्ने विषयमा छलफल गरेका थिए । सो क्रममा समेत कार्कीको पक्षमा बलियो मत प्रस्तुत भएको बताइन्छ ।

अधिकांश युवाले काठमाण्डु महानगरका मेयर बालेनको नाम समेत प्रस्ताव गरेका थिए । तर उनी जेन- जीको सम्पर्कमा आउन चाहेनन् । मंगलबार बेलुकी उनले स्टाटस लेख्दै जेनजीलाई सेना प्रमुखसँग वार्ताका गर्न तयार रहन भनेका थिए ।

बुधबार बिहान जेनजी प्रतिनिधि वार्ताका लागि जंगीअड्डा पुगेका थिए । तर १५ जनाभन्दा बढी छलफलका लागि पुगेपछि सेनाका प्रमुख अशोकराज सिग्देलले पहिले आपसमा सहमति गरेर आउन भनेका थिए । उनले संयोजक समेत तोकेर आउन आग्रह गरेका थिए । त्यसपछि जंगीअड्डाकै एउटा कोठामा भएको बैठकमा कतिपयले गणतान्त्रिक व्यवस्थाविरुद्ध समेत प्रस्ताव राखेका थिए । त्यसपछि जेन-जीकी प्रमुख प्रतिनिधि रक्षा बमसहितको समूह बाहिरिएकी थिइन् । यद्यपि, अन्तिममा कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउने सहमति भएको बताइन्छ ।

यता आगामी सरकारको नेतृत्वमा पूर्वप्रधानन्यायाधीश कार्कीलाई अघि बढाउने प्रस्ताव भएपछि विवाद शुरु भएको छ । अहिले नेपाली सेनाको मुख्यालयमा जेनजीका केही युवाहरूले नयाँ नेतृत्वको विषयलाई लिएर प्रदर्शन पनि गरिरहेका छन् ।

उनीहरूले कार्की नयाँ नेतृत्वमा आउन नहुने भन्दै विरोध गरिरहेका छन् ।

जंगीअड्डामा उपस्थित भीडले भने मेयर बालेनलाई नै अघि बढाउनुपर्ने भन्दै दबाब दिएका छन् ।

संवेदनशील समयमा विकसित घटनाक्रमको नेतृत्व गर्नका लागि कानुन र विधिको रक्षा गर्नसक्ने इमान्दार छवि भएको व्यक्ति हुनुपर्ने भएकाले कार्कीको नाम प्रस्ताव गरिएको बताइन्छ ।

बुधबार दिनभर जेन- जी युवाले सामाजिक सञ्जाल डिस्कर्डमा समेत कसलाई नेतृत्वमा ल्याउने भन्ने विषयमा छलफल गरेका थिए । त्यसक्रममा समेत कार्कीको पक्षमा बलियो मत प्रस्तुत भएको छ ।

यता पूर्वप्रधानन्यायाधीश कार्कीले जेन- जी पुस्ताले आफूलाई अत्यधिक रुचाएकाले सरकारको नेतृत्व लिन तयार रहेको बताएकी छन् ।

उनले सरकारको नेतृत्व गरेपछि आफ्नो पहिलो चरणको काम भ्रष्टाचार नियन्त्रण हुने बताइन् । नेपाली राजनीतिमा सधैँ समस्या भइरहेको भन्दै कार्कीले अब जेनजी पुस्तासँग मिलेर दीर्घकालीन समाधान खोज्ने बताइन् ।

विद्यार्थी भर्ना सम्बन्धी सूचना
ADMISSION OPEN



CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा Lab Technology (CMLT), Radiography र Opthalmic Science (आँखा) कार्यक्रमहरूमा शैक्षिक शत्र २०८२ को लागि केही सिट खाली रहेकोले देशै भरीबाट CTEVT Result को Pass List / Cut Off List मा रहेको विद्यार्थीहरूले अध्ययन गर्नको लागि सम्पर्क गर्न हुन जानकारी गराउँदछौं ।

नोट :- H.A. D.Pharmacy, MLT, Radiography र Opthamic Science (आँखा) पढन इच्छुक तर NG लागेको र फाराम भर्न छुटेका विद्यार्थीहरुले पनि सम्पर्क गर्नुहोला ।

विस्तृत जानकारीको लागि सम्पर्क :
वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डे. टेक्नोलोजी
महेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साईन्सेज
बाह्र बिगहा र थापा चौकको बिचमा, जनकपुरधाम-८
फोन नं. ९८५४०२५५०७, ९८०७६९२४६०, ०४१-५२१३६६, ९७०५४२१३६६

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE








विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

बालबालिकामा हैजा
(अभिभावकहरुलाई जानकारी)

संक्रमणका स्रोत
- पिउने प्रदुषित पानी ।
- असुरक्षित वा राम्ररी नपाकेको खाना ।
- हात नधोई खाना पकाउनु/खानु ।
- खुला ठाउँमा दिसा गर्नु ।
- संक्रमित व्यक्तिको दिसा वा बान्ताबाट दूषित भएको पानी/वस्तु प्रयोग गर्नु ।



लक्षणहरु
- चौलानी पानी जस्तो पातलो पखाला (बारम्बार) हुनु ।
- बान्ता हुनु, पेट दुख्नु ।
- छिटो निर्जलीकरण: तिर्खा लाग्नु, मुख सुख्खा हुनु, आँखा गाडिनु, पिसाब कम हुनु ।
- सुस्त/असहज हुनु, कमजोरी हुनु ।
- तिघ्रा/पाखुरा बाउँडिनु ।



रोकथामका उपाय
- उमालेको पानी पिउनु ।
- खाना राम्ररी पकाएर ढाकेर राख्नु ।
- खानु अघि, शौचालयपछि र बच्चाको दिसा सफा गरेपछि साबुनपानीले मिचीमिची हात धुनु ।
- सुरक्षित शौचालय प्रयोग र फोहरको सही व्यवस्थापन गर्नु ।
- गम्भीर लक्षण वा अत्यधिक पखाला भए तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जानु ।
- निर्जलिकरण हुन नदिन पुनर्जलीय झोल खुवाउनु र शिशुमा स्तनपान जारी राख्नु ।



हैजासम्बन्धी कुनै लक्षणहरु देखापरेमा बच्चालाई नजिकैको अस्पताल वा स्वास्थ्य चौकीमा उपचारको लागि लानुहुन अनुरोध गर्दछौं ।

सन्देश: बालबालिकामा हैजाले छिट्टै निर्जलीकरण गराउँछ - उपचारमा ढिलाइ नगर्नुहोस् ।

लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश

# हवाई उडान खुल्यो

काठमाण्डु । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको हवाई उडान पुनः सञ्चालनमा आएको छ । विषम परिस्थितिका कारण मङ्गलबारदेखि बन्द रहेको अन्तरराष्ट्रिय विमानस्थल तत्काल लागू हुनेगरी खुलाइएको विमानस्थल कार्यालयले जनाएको हो ।

हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिई मात्र विमानस्थल आउन अनुरोध गरेको छ । साथै यसरी



आवतजावत गर्दा आधिकारिक हवाई टिकट र परिचय खुल्ने कागजात साथमा लिई आउनसमेत अनुरोध गरिएको छ ।

यसैबीच निजी क्षेत्रको हवाई सेवा कम्पनी बुद्ध एयरले सूचना जारी गर्दै बिहीबार बिहानदेखि उडान सञ्चालन हुने जानकारी गराएको छ ।रासस

जनाएको छ ।

विमानस्थलले सार्वजनिक सूचना जारी गर्दै विषम परिस्थितिका कारण मङ्गलबारबाट बन्द गरिएका हवाई उडानलाई बुधबार बसेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा समितिको निर्णयानुसार पुनः सञ्चालन गर्ने निर्णय भएको

# सरसफाइमा ‘जेनजी’



काठमाण्डु । परिवर्तनका विभिन्न एजेण्डा लिएर प्रदर्शनमा उत्रिएका ‘जेनजी’ले यही भदौ २३ र २४ गते सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न स्थानमा तोडफोड र आगजनी गरे । सार्वजनिक, सरकारी र व्यक्तिगत भौतिक संरचनामा नराम्ररी क्षति पुग्यो । प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भयो । सयौँ घाइते विभिन्न अस्पतालमा उपचाररत छन् ।

बुधबार विगत दुई दिनभन्दा अलिक फरक देखियो । प्रदर्शनमा उत्रिएका जेनजी बुधबार कुचो, खरेटो, बेल्चालगायत उपकरण लिएर सरसफाइमा उत्रिएका छन् । उनीहरू हुलकाहुल सरसफाइ अभियानमा सक्रिय छन् ।

उनीहरु बुधबार बिहानैदेखि क्षति पुगेका र भग्नावशेष क्षेत्रमा समूहगत रूपमा सरसफाइ गरिरहेका भेटिए । केन्द्रीय प्रशासनिक केन्द्र सिंदरबार वरिपरि उल्लेख्य स८्याका जेनजी सरसफाइ गरिरहेका छन् । सिंहदरबारको चारवटै तर्फका गेट, सर्वोच्च अदालत परिसर, माइतीघर मण्डला, बबरमहल, पुतलीसडक, थापाथलीलगायत क्षेत्रमा जेनजीले सरसफाइ गरिरहेका छन् । सरसफाइ गर्नेलाई केही स्वयंसेवीले पिउने पानी वितरण गरिरहेका छन् ।

माइतीघर मण्डलासँगैको सरकारी वकिलको कार्यालय परिसरमा सरसफाइ गरिरहनुभएका जेनजी दानसिंह धामीले विभिन्न समूहमा जेनजीले सडकदेखि टोलटोलसम्म सरसफाइ अभियान चलाइएको बताउनुभयो । उहाँका अनुसार सिंहदरबार परिसरमा मात्र चारभन्दा बढी समूहमा सरसफाइ भइरहेको छ ।

यस्तै केशव सिलवाल, केपी खनाललगायत जेनजीले सरसफाइ अभियानको नेतृत्व गरिरहनुभएको छ । काठमाडौँ महानगरपालिकाको फोहर बोक्ने गाडीसहित सरसफाइबाट सङ्कलित फोहर सङ्कलन गरिरहेका छन् ।

सडक, सडक किनार र सार्वजनिक निकायका गेट आसपास छरिएका प्लास्टिक, कागज, पानीका बोतललगायत फोहर उनीहरूले उठाइरहेका छन् । साथै उनीहरुले सडकमा जलाइएका गाडी, मोटरसाइकलका टायर, फलामे उपकरण आदि पन्छाइरहेका छन् ।

सर्वोच्च अदालत परिससरमा सरसफाइ गर्दै गरेका खगेन्द्र रोकायाले सिंहदरबार परिसरमा आफ्नो समूहले सरसफाइ गरिरहेको बताउनुभयो ।

जेनजीले आन्दोलन, तोडफोड र आगजनीका क्रममा भएका फोहरको सरसफाइ गरेका हुन् । जेनजीले नयाँ बानेश्वर, मीनभवनलगायत क्षेत्रको सडकमा पनि सरसफाइ गरेका छन् ।रासस

# लुटिएका थप हतियार बरामद

काठमाण्डु । नेपाली सेनाले महाराजगञ्ज इलाकाबाट लुटपाट गर्ने चार जना व्यक्तिसहित सात नाल हतियार र उक्त हतियारका म्यागजिन, राउण्ड, ब्युनेटलगायत एसेसरिज तथा व्यक्तिगत सामग्रीहरू बरामद गरेको ।

साथै, विशेष सूचनाका आधारमा बालाजु माछापोखरी इलाकाबाट थप १ (एक) नाल हतियार बरामद गरिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ । हालसम्म ७३ नाल हतियार बरामद भएको छ ।

यसैगरी, काभ्रेस्थित धुलिखेल जिल्ला कारागारमा कैदीबन्दीको नेपाल प्रहरीसँग झडप भएकामा हाल स्थिति नियन्त्रणमा आएको छ ।

त्यसैगरी, डिल्लीबजार कारागारमा लागेको आगो नेपालीसेना तथा अन्य निकायको प्रयासमा नियन्त्रणमा आएको सेनाले जनाएको छ । सुरक्षा फौजले विभिन्न जिल्लामा कारागारबाट फरार कैदीबन्दीमध्ये सप्तरीमा चार, सुनसरीमा २०२, रुकुम (पश्चिम)मा ४३, कपिलवस्तुमा ५० र म्याग्दीमा चार जनालाई पक्राउ गरेको छ ।



आन्दोलनका क्रममा लुटिएका हतियार बुझाउन सेनाको निर्देशन

नेपाली सेनाले आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका तथा फेला पारेका हातहतियार, गोलीगठ्ठा एवं सुरक्षा सामग्री यथाशीघ्र बुझाउन निर्देशन दिएको छ । सेनाले बुधबार वक्तव्य जारी गर्दै त्यस्ता हातहतियार एवं सुरक्षा सामग्री नजिकको सुरक्षा निकाय वा सुरक्षाकर्मीलाई यथाशीघ्र बुझाउन अनुरोध गरेको हो ।

हातहतियार र गोलीगठ्ठा नबुझाई कसैसँग फेला परेमा प्रचलित कानुनबमोजिम कारबाही हुने सेनाले स्पष्ट पारेको छ । हातहतियारको दुरुपयोग भई जनधनको क्षति हुनसक्ने भएकाले त्यससम्बन्धी सूचना प्राप्त गर्ने व्यक्तिले सुरक्षा निकायलाई जानकारी गराउन पनि सेनाले आग्रह गरेको छ । सेनाले सम्बन्धितलाई हतियार बुझाउन प्रेरित गर्न अनुरोधसमेत गरेको छ ।

सेनाले यस संवेदनशील परिस्थितिमा सुरक्षा निकायका पोशाकको अनधिकृत प्रयोग नगर्न पनि सूचित गरेको छ । सेनासहितको सुरक्षा निकायले गए रातिदेखि बिहानसम्म काठमाडौँको विभिन्न स्थानबाट २३ र पोखराबाट आठ नाल गरी विभिन्न किसिमका हतियार ३१ थान तथा म्यागजिन एवं गोलीगठ्ठा बरामद गरेको छ ।रासस

# अस्पतालहरूमा भ्याइनभ्याइ उपचार, घाइते प्रदर्शनकारीलाई प्राथमिकता

काठमाण्डु । जेन-जी पुस्ताले देशव्यापी रुपमा गरेको प्रदर्शनका कारण मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्र प्रभावित भएको छ ।

दुई दिनअघिको काठमाडौँ केन्द्रित प्रदर्शन देशव्यापी फैलिएर सबैजसो क्षेत्र प्रभावित भएको देखिन्छ । विशेषगरी पहिलो दिन नयाँबानेश्वर क्षेत्रमा भएको प्रदर्शनमा घाइते भएका विरामीको उपचार गर्न अस्पतालहरूलाई भ्याइनभ्याइ भएको अवस्था छ ।

मीनभवनस्थित सिभिल अस्पतालले विरामीको चाप अध्यधिक भएसँगै आकस्मिक सेवाबाहेकका अरु सेवा अहिले बन्द गरेको छ । अस्पतालका निर्देशक डा मोहनचन्द्र रेग्मीका अनुसार बिरामीका लागि खानालगायत अत्यवश्यक सेवा पुऱ्याउन कठिन भएको छ ।

‘स्रोतसाधनको समस्या छ, जनशक्ति



व्यवस्थापन पनि त्यत्तिकै चुनौतीपूर्ण छ । चिकित्सक तथा नर्सहरु ‘डबल ड्युटी’ गरेर भए पनि अहोरात्र खटिनुभएको छ, तर हाललाई ‘ओपिडी’ र ‘ओटी’ सेवा बन्द गरिएको छ”, उहाँले भन्नुभयो, “हिजोदेखि ड्युटीमा आएका आजमात्र घर फर्किँदै हुनुहुन्छ ।” हाल सो प्रदर्शनमा घाइते ४६ जनाको उपचार भइरहेको छ ।

त्रिवि शिक्षण अस्पतालले पनि प्रदर्शनमा घाइतेहरूलाई उच्च प्राथमिकता दिइ उपचार गरिरहेको अस्पतालका निर्देशक डा सुवास आचार्यले जानकारी दिनुभयो ।

“अत्यावश्यक र ‘रेफर’ भएर आएका बिरामीको भने उपचार रोकिएको छैन । ‘ओपिडी’ सेवा सञ्चालनमै छ, तर बिरामीहरू अस्पतालसम्म आइपुग्न सकेका छैनन् । “डबल ड्युटीमा खटेर हामीले काम गरिरहेका छौँ । घर जाने अवस्था नभएकाले स्वास्थ्यकर्मीहरू अस्पतलामै रही काम गरिरहनुभएको छ”, उहाँले रासससँग भन्नुभयो, “हाल ५३ जना घाइतेको यस अस्पतालमा उपचार भइरहेको छ ।”

निर्देशक आचार्यका अनुसार ‘ओपिडी’ नियमित रूपमा सञ्चालन भइरहेको, आकिस्मक सेवामा चाप रहेको, मुख्य शल्यक्रिया भने हाललाई बन्द गरिएको र यातायात नियमित रूपमा चले भोलिबाट सबै सेवा सञ्चालन गरिने छ ।

“राष्ट्रिय ट्रमा सेन्टरमा हाल ४० जना घाइतेको उपचार भइरहेको छ । जसमा चार जनालाई शल्यक्रियापछि ‘आइसीयु’मा राखिएको छ । अहिले त अवस्था ठिकै छ । तर एउटा एम्बुलेन्स नै तोडफोड गरेका छ”, अस्पतालका निर्देशक डा बद्री रिजालले भन्नुभयो, “चिकित्सक र नर्स ल्याउन भने केही समस्या छ । स्रोतसाधन अभावका बीच पनि उपचार सेवा रोकेका छैनौं ।”

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा पनि २४सै घण्टा सेवा सञ्चालनमा छ । जस्तोसुकै परिस्थितिमा पनि आफ्नो सेवालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै सो अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले भन्नुभयो, “ओपिडी नियमित नै सञ्चालन छ, आकस्मिक सेवा चलिरहेकै छ । शुल्क लिएर दिइने सेवा (पेइड सर्भिस) बन्द गरिएको छ ।”रासस

# अमेरिकामा सञ्चालित घुम्ती शिविरबाट २०४ जना लाभान्वित

टेक्सास । अमेरिकाको न्यूयोर्कस्थित नेपाली महावाणिज्य दूतावासको कार्यालयद्वारा अमेरिकाको बोस्टनमा सञ्चालित दुईदिने कन्सुलर सेवा घुम्ती शिविरबाट दुई सय चार जना सेवाग्राही अधिकृत वारेसनामा प्रमाणीकरण सेवा लिएका न्यूयोर्कस्थित महावाणिज्य दूतावासको कार्यालयले जनाएको छ ।

शिबिरबाट म्यासाच्युसेट्स राज्यसहित न्यू हेमसायर, रोड आइल्याण्ड, भर्मोन्ट, मेन, कनेक्टिकट




राज्यहरूमा बसोबास गर्ने प्रवासी नेपालीहरु लाभान्वित भएका थिए ।

शनिबार र आइतबार सञ्चालित उक्त घुम्ती शिविरमा राहदानी नवीकरण, गैरआवासीय नेपाली परिचयपत्रको आवेदन सङ्कलन, अधिकृत वारेसनामा प्रमाणीकरण, कागजात प्रमाणीकरण, पर्यटक भिसा जारीलगायत सेवाहरु उपलब्ध गराइएको थियो । उक्त शिविरबाट एक सय ८० जनाले राहदानी (पासपोर्ट) नवीकरण, १७ ले एनआरएनए परिचयपत्र आवेदन, चारले पर्यटक भिसा र तीन जनाले लाभान्वित भएका छन् ।

महावाणिज्यदूत ददिराम भण्डारीले जनताको घरघरमा पुगेर सेवा दिने नेपाल सरकारको नीति तथा योजना अनुरुप कन्सुलर सेवा घुम्ती शिविर आयोजना गरिएको बताउनुभयो । शिविरका लागि गैरआवासीय नेपाली सङ्घसहित यहाँस्थित अन्य स्थानीय सङ्घसंस्थाले सहयोग र सहजीकरण गरेका उहाँले जानकारी दिनुभयो ।रासस

# भाटभटेनी सुपरमार्केट लुटपाटमा संलग्न चार जना पक्राउ

काठमाण्डु । देशैभर नेपाली सेनालगायत अन्य सुरक्षा निकाय परिचालन भएपश्चात बुधबार बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म महाराजगस्थित भाटभटेनी सुपर मार्केट लुटपाटमा संलग्न चार जना पक्राउ परेका छन् ।

त्यसैगरी डिल्लीबजार-नारायणथान क्षेत्रमा शङ्कास्पद गतिविधिमा संलग्न व्यक्तिहरूले सुरक्षा फौजलाई देखेपछि छाडेर भागेको नेपाली रु दुई लाख ३२ हजार ५०० र दुई हजार ५०० डलर बरामद गरिएको सेनाले बुधबार



जनाएको छ ।

सेनाले विज्ञप्तिमार्फत सुरक्षाकर्मीबाट लुटिएका थप हतियार एक नालसहित हालसम्म जम्मा ३२ नाल बरामद भएको जनाएको छ । साथै डडेलधुरास्थित जिल्ला कारागारबाट निस्केर भागेका कैदीबन्दीमध्ये २६ जनालाई नियन्त्रणमा लिइएको तथा काठमाडौँ डिल्लीबजार स्थित सदर कारागारबाट भाग्ने प्रयास गरेका कैदीबन्दीलाई रोकिएको छ ।रासस

# सर्वोच्च अदालतमा सुनुवाइ स्थगन

काठमाण्डु । सर्वोच्च अदालतले अर्को सूचना जारी नहुँदासम्मका लागि सुनुवाइका क्रममा अदालतमा रहेका मुद्दाका पेसी स्थगन गरेको छ । सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले बुधबार जारी गर्नुभएको सूचनामा अब अर्को सूचना नभाएसम्मका लागि पेसीमा राखिएका मुद्दाहरू स्थगित गरिएको उल्लेख छ ।



“मिति २०८२/५/२४ गते भएको आगजनीका कारण सर्वोच्च अदालतमा रहेका मुद्दाका मिसिल, सर्भर, इजलाससमेत जलेर नष्ट भएको हुदाँ बुधबारका लागि तोकिएका मुद्दाको पेसी स्थगित गरिएको छ”, सूचनामा भनिएको छ, “भोलिदेखिका पेसीमा रहेका मुद्दाहरूको सुनुवाइ अर्को सूचना नभाएसम्मका लागि स्थगित गरिएको व्यहोरासमेत जानकारीका लागि अनुरोध छ । यसबाट सर्वसाधरण सेवाग्राहीमा पर्न गएको असुविधाका लागि सर्वोच्च अदालत दुःख व्यक्त गर्दछ ।” ‘जेनजी’ पुस्ताको प्रदर्शनका क्रममा मङ्गलबार सर्वोच्च अदालतमा समेत आगजनी भएको थियो ।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ । |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ । |
| मिथुन : | नयाँ व्यवसाय सुरु गर्ने मौका छ । पारिवारिक भेटघाटले प्रसन्नता मिल्नेछ। |
| कर्कट : | परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ । |
| सिंह : | मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ । |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ । |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ । |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ । |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| कुम्भ: | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । |
| मीन : | अध्ययन अध्यापनमा प्रगति हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा दुर्गा पूजाका लागि मन्दिर निर्माण गरिँदै । तस्विरः रासस

# कर्फ्यू : घर बाहिर ननिस्कन प्रशासनको आग्रह



झापा । प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले बुधबार अपराह्न ३ बजेदेखि बिहीबार बिहान ५ बजेसम्मका लागि झापा जिल्लाभर कर्फ्यू आदेश जारी गर्नुभएको छ ।

'जेन-जी' आन्दोलनपछि जिल्लामा केही अराजक तत्वले सार्वजनिक र निजी सम्पत्ति लुटपाट, तोडफोड र आगजनी गरेको कारण त्यसलाई कडाइका साथ रोक्न कर्फ्यू आदेश जारी गरिएको जिल्ला प्रशासन कार्यालयद्वारा बुधबार जारी सूचनामा जनाइएको छ ।

कर्फ्यू अवधिमा सर्वसाधारणलाई घर बाहिर ननिस्कन र निस्कनै परे सुरक्षाकर्मीसँग अनुमति लिन प्रशासनले आग्रह गरेको छ। कर्फ्यू अवधिमा हिँडडुल गर्न, भेला हुन, सभा जुलुस र प्रदर्शन गर्न निषेध गरिएको जनाइएको छ ।

भदौ २३ र २४ गते भएको आन्दोलनपछि अराजक समूहले झापाका अधिकांश स्थानीय तहका भवन, विर्तामोड र काँकडभिट्टाका भाटभटेनी सुपरमार्केट, राजनीतिक दलका नेता तथा जनप्रतिनिधिहरुको घरमा तोडफोड तथा आगजनी गरेका छन् ।

हाल कर्फ्यूको अवधिमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले विर्तामोड, दमक, भद्रपुर, मेचीनगरलगायतका क्षेत्रमा गस्ती गरिरहेको छ ।

# पर्यटकलाई सहजीकरण गर्दै पर्यटन बोर्ड

काठमाण्डु । नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणमा रहेका विदेशी पर्यटकको आवागमन तथा व्यवस्थापनमा सहजीकरण गरिएको जनाएको छ । विषम परिस्थितिका कारण पर्यटकलाई गन्तव्यमा पुग्न अहसज भएको अवस्थामा बोर्डले सटल बसको व्यवस्था गरी आवतजावतमा सहजीकरण गरिरहेको उल्लेख गरेको छ ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीका अनुसार नेपाली सेना र नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकारीसँग समन्वय गरी सहज व्यवस्थापन मिलाइएको छ । विमानस्थलदेखि होटलसम्म आवतजावत गर्न सहजीकरण भइरहेको छ । पर्यटक आवतजावतका लागि मङ्गलबारदेखि काठमाडौँ र पोखरामा पर्यटकलाई सटल बसको व्यवस्था गरिएको छ ।

"पदयात्रामा निस्किएका पर्यटकलाई समस्या छैन । उनीहरु निर्वाध रूपमा यात्रा गरिरहेका छन् । खासगरी काठमाडौँमा आगमन भइरहेको र काठमाडौँबाट स्वदेश फर्किने योजनामा रहेका पर्यटकलाई समस्या भइरहेको छ । विमानस्थलदेखि होटल र होटलबाट विमानस्थलसमम लैजान सहजीकरण गरिएको छ", सिइओ जोशीले भन्नुभयो । उहाँले मङ्गलबार दिउँसो सडक अवरुद्ध भए पनि विमानस्थलमा रहेका पर्यटकलाई पानी बिस्कुटको व्यवस्था गरी राति सुरक्षा निकायसँगको समन्वयमा होटलमा पुर्याउन सहजीकरण गरिएको बताउनुभयो ।

बोर्डको विवरणमा पछिल्लो १० दिनमा करिब ३५ हजार पर्यटक हवाई मार्ग भएर नेपाल भित्रिएका छन् । उनीहरुमध्ये अधिकांश पदयात्रामा निस्किएका छन् । खुम्बु क्षेत्र, अन्नपूर्ण क्षेत्र, पोखरा र केही काठमौँमा रहेका छन् । नेपालमा मनसुन सकिएर मुख्य पर्यटक सिजन सुरु हुने समय नजिकिएको छ । यो सिजनमा धेरै संख्यामा विदेशी पर्यटक नेपाल आउँछन् ।




बोर्डले विषम परिस्थितिमा पर्यटकको सूचना लिने र सहजीकरणको काम पनि गरिहेको छ । सिइओ जोशीले राष्ट्रिय अन्तरराष्ट्रिय ट्राभल ट्रेका मानिसले सूचना सोधिरहेकाले बोर्डले सहजीकरण गरिरहेको उल्लेख गर्नुभयो । उक्त प्रयोजनका निम्ति बोर्डले सात जना कर्मचारीलाई डेडिकेटेड राखेर २४ सै घण्टा सूचना दिने काम गरिएको छ । कसैलाई कुनै क्राइसेस परेको खण्डमा सूचना लिने र सम्बन्धित निकायमा सहजीकरणका लागि काम गरिएको छ । बोर्डले फोन, टोलफ्री नम्बर र इमेलमार्फत सूचना लिने र सहजीकरण गरिएको जनाएको छ ।रासस

# कैदीबन्दी अपडेट

डडेल्धुरा कारागारबाट भागेका ३३ कैदीबन्दी पक्राउ

काठमाण्डु । डडेल्धुरा जिल्ला कारागारबाट भागेका ३३ कैदीबन्दी पक्राउ परेका छन् । आज बिहान आन्दोलन गरी कीर्तिपुर डडेल्धुरास्थित कारागारबाट भागेका ८५ कैदीबन्दी मध्ये ३३ जनालाई नेपाली सेनाको सहयोगमा प्रहरीले पक्राउ गरेको हो ।

भागेका बाँकी कैदीबन्दीहरु खोज्ने क्रम जारी रहेको कारागार प्रमुख सन्तोष भट्टले जानकारी दिनुभयो । यहाँको कारागारमा १२७ जना कैदीबन्दी थिए ।

**कञ्चनपुर कारागारबाट भागेकामध्ये २१ कैदीबन्दी फिर्ता**

कञ्चनपुर कारागारबाट मङ्गलबार राति फरार भएका मध्ये हालसम्म २१ जना कैदीबन्दी फिर्ता भएका छन् ।

कारागार कार्यालय कञ्चनपुरका निमित्त प्रशासक रामदत्त जोशीका अनुसार कारागारमा कुल ४७९ कैदीबन्दी थिए । मङ्गलबार राति करिब तीन-चार सयको सत्ङ्यामा घरेलु हतियारसहित आएका व्यक्तिहरु कारागार प्रवेश गरी मूलगेटको ताला तोडेर कैदीबन्दीलाई भाग्न सहयोग गरेका थिए ।

"भागेका मध्ये २१ जना कारागार फर्किएका छन्," प्रशासक जोशीले भन्नुभयो, "केही कैदीबन्दीहरू सम्पर्कमा छन् र फर्किने बताएका छन् तर कर्फ्यू आदेश जारी भएकाले फर्कन नसकेको जानकारी दिएका छन् ।" उहाँका अनुसार हालसम्म सम्पर्कमा नआएका कैदीबन्दीहरूको खोजतलासका लागि प्रहरी परिचालन गरिएको छ । कारागारमा ४५३ पुरुष र २६ महिला गरी कुल ४७९ कैदीबन्दी थिए । जसमा सबैभन्दा बढी १६९ जना लागुऔषध सम्बन्धी मुद्दाका थिए ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले सार्वजनिक सूचना जारी गर्दै फरार कैदीबन्दीलाई शीघ्र कारागार कार्यालय वा नजिकैको सुरक्षा निकायमा सम्पर्कमा आउन आग्रह गरेको छ । "सम्पर्कमा नआउने कैदीबन्दीमाथि कानुनअनुसार कडा कारबाही हुनेछ," सूचनामा उल्लेख छ ।

**धादिङ कारागारमा सेनाको गोली लागेर एक जनाको मृत्यु, सात कैदीबन्दी घाइते**

जिल्ला कारागार धादिङका कैदीबन्दी भाग्न खोजेपछि नेपाली सेनाले गोली चलाएको छ ।

सेनाको गोली लागेर अन्दाजी ७५ वर्षीय एक कैदीको मृत्यु भएको छ । सात कैदीबन्दी घाइते भएका छन् । घाइते हुनेहरु सबै पुरुष छन् । प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीका अनुसार कैदीबन्दीले सुरक्षा घेरा तोडेर निस्किन थालेपछि सेनाले गोली चलाएको हो ।



घटनामा जनपथ र सशस्त्र प्रहरी बलका सात जना घाइते भएका छन् । घाइते प्रहरी सबैको अवस्था सामान्य छ । गोली लागेर घाइते भएका कैदीबन्दीलाई सेनाकै सुरक्षामा उपचारका लागि काठमाडौँ पठाइएको छ ।मङ्गलबार नक्खु कारागारबाट पूर्व गृहमन्त्री रवी लामिछानेसहित अन्य कैदीबन्दी छाडेको भन्दै आफुहरुलाई पनि रिहा माग गर्दै कैदीबन्दीले कारागारमा आगजनी गरेका थिए ।

गोली चलाउनु अघि सेनाले पानीको फोहोरा प्रयोग गरेर स्थिति नियन्त्रणमा लिने कोसिस गरेका थिए । उनीहरुले सेनामाथी नै आक्रमण गर्न थालेपछि सेनाले गोली चलाएको हो ।जिल्ला कारागार धादिङमा २४३ कैदीबन्दी छन् । त्यसमध्ये महिला ९ जना छन् ।

**दाङको तुलसीपुर कारागारबाट भागेका 40 कैदीबन्दी पक्राउ**

यहाँको तुलसीपुर कारागारबाट भागेका ४० कैदीबन्दीलाई पक्राउ गरिएको छ । सेनाको सहयोगमा उनीहरूलाई पक्राउ गरिएको कारागार कार्यालय तुलसीपुरका प्रमुख गिरबहादुर सेजुवालले जानकारी दिनुभयो ।

बुधबार र मंगलबार कारागारबाट कैदीबन्दी भागेका थिए । बुधबार बिहान मात्रै २५३ कैदीबन्दी भागेका थिए । तीमध्ये ४० जनालाई पक्राउ गरिएको हो । बुधबार भागेका मध्ये २१३ र हिजो भागेका १२४ गरी ३३७ जना अझै फरार रहेको उहाँले बताउनुभयो । भाग्नेहरू सबै पुरुष कैदी हुन् । कारागारमा जम्मा ४६९ कैदीबन्दी थिए । तीमध्ये महिला कैदीहरु भने भागेका छैनन् । कैदीहरूले कारागार तोडफोड गरी भागेका थिए । सेनाले हवाई फायर गर्दागर्दै पनि उनीहरू भाग्न सफल भएका थिए ।

**कारागारबाट फरार कैदीबन्दी खोज्न सुरक्षाकर्मी परिचालन**

कारागारमा आगजनी गरेर फरार रहेका कैदीबन्दी खोज्न सुरक्षाकर्मी परिचालन गरिएको छ । कारागारमा रहेका ६२ कैदीबन्दी मङ्गलबार राति कारागारमा आगजनी र तोडफोड गरेर भागेका थिए ।

भागेका कैदीबन्दी खोज्न सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिनुभयो । मङ्गलबार दिउँसोदेखि बन्दीगृहमा आगजनी र तोडफोड गरिरहेका कैदीबन्दीलाई सुरक्षाकर्मी घण्टौं प्रयास गर्दा पनि रोक्न असफल भएका थिए । आन्दोलित कैदबन्दी अन्तमा राति ८:३० बजे गेटको ताला फुटालेर भागेका हुन् ।

> मङ्गलबार नक्खु कारागारबाट पूर्व गृहमन्त्री रवी लामिछानेसहित अन्य कैदीबन्दी छाडेको भन्दै आफुहरुलाई पनि रिहा माग गर्दै कैदीबन्दीले कारागारमा आगजनी गरेका थिए ।

प्रजिअ पौडेलले भन्नुभयो, "कारागारबाट भागेका कैदीबन्दी खोज्न सुरक्षाकर्मी परिचालन गरेका छौँ, केही कैदीबन्दी हाम्रो सम्पर्कमा समेत आइसकेका छन् ।" कैदीबन्दीले कारागारमा आगजनी गर्दा जलेर नष्ट भएको छ । भागेका कैदीबन्दी पक्राउ गरे पनि उनीहरूलाई राख्न समस्या भएको प्रजिअ पौडेलले बताउनुभयो । कारागारबाट कैदीबन्दी भागेपछि आपराधिक घटना हुनसक्ने चिन्तासमेत थपिएको छ ।

**काराबारबाट भागेका पाँच जना नियन्त्रणमा**

'जेनजी'को आन्दोलनका क्रममा जिल्ला कारागारबाट गए राति भागेकामध्ये पाँच जना पक्राउ परेका छन् ।

कारागारबाट भागेकामध्ये बुधबार उनीहरूलाई नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिनुभयो । अरू कैदीबन्दीको खोजी भइरहेको जनाइएको छ ।

यस्तै आन्दोलनका क्रममा नेकपा (एमाले) र नेपाली कांग्रेसको पार्टी कार्यालयमा क्षति भएको छ । आज लेकम गाउँपालिका-५ मा रहेको रेडियो लोकदर्पण एफएमको कार्यालयमा समेत तोडफोड भएको छभने गाउँपालिकामा तोडफोडमा जान लागेको भन्दै लेकम-३ मा रहेको सशस्त्र प्रहरी बिओपीको टोली पालिकामा खटाइएको पौडेलले बताउनुभयो ।

**धुलिखेल कारागारको आगलागी दुई घण्टापछि नियन्त्रण**

धुलिखेलस्थित जिल्ला कारागारमा लगाइएको आगो दुई घण्टापछि नियन्त्रणमा लिइएको छ । कारागारकै कैदीबन्दीले मध्याह्न १२:०० बजे लगाएको आगो २:०० बजे नियन्त्रणमा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दमकल प्रयोग गरेर कारगारमा भएको आगजनी नियन्त्रणमा लिएको कार्यालय प्रमुख प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिनुभयो । कारागारमा आगजनी गरेपछि बाहिर ठूलो सत्ङ्यामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको थियो ।

आगजनीको नेतृत्व गर्ने सागर मैनालीलगायत चार जनालाई कारागारभित्र असुरक्षित भएपछि बाहिर निकालिएको शाहले बताउनुभयो । उहाँका अनुसार हाल कारागारमा रहेका दुई सय ८३ कैदीबन्दी सुरक्षित रहेका छन् । कारागार परिसरमा सेनासहितको सुरक्षा व्यवस्था कडा गरिएको जनाइएको छ । कारागारभित्र नाराजुलुस गर्दै कैदीबन्दीले बाहिर निस्कन पाउनुपर्ने माग राख्दै तोडफोड गरी आगलागी गरेको कारागार सुरक्षार्थ तैनाथ प्रहरीले बताएको छ । सोही क्रममा उनीहरुले आगजनी गरेको सुरक्षाकर्मीको भनाइ रहेको छ।

**जेलबाट भागेका कैदी पक्राउ गर्दै रौतहट प्रहरी**

मङ्गलबार राति गौर कारागारबाट फरार रहेका कैदीलाई जिल्ला प्रहरी कार्यालय रौतहटले धमाधम पक्राउ गरिरहेको छ । कारागार भत्काएर भागेका १३ जना कैदीलाई बुधबार बिहान सीमा क्षेत्रबाट पक्राउ गरिएको प्रमुख जिल्ला अधिकारी विनोद खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार एक सय ९१ कैदी रहेको सो कारागारभित्र अहिले ६१ जना छन् ।

प्रजिअ खडकाले अन्य कैदीहरूको पनि खोजीकार्य भइरहेको बताउनुभयो । उहाँका अनुसार अहिले जिल्लाको सहरी क्षेत्रमा नेपाली सेना खटेपछि वातावरण शान्त बनेको छ ।

मङ्गलबार जेनजीका प्रदर्शनकारीले चन्द्रपुर नगरपालिका, इलाका प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन आगलागी गरेर पूर्ण रुपमा क्षति पुर्याएका प्रजिअ खड्काले जानकारी दिनुभयो ।

चन्द्रनिगाहपुरमा प्रदर्शनकारीले रौतहट घर भएका सङ्घीय सांसद देवप्रसाद तिमलसिना, रौतहट घर भएका प्रदेशसभा सदस्य युवराज भट्टराई, नगरप्रमुख सञ्जयकुमार काफ्ले, रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) चन्द्रपुर नगर कमिटी कार्यालयको घरमा समेत आगो लगाएका छन् । त्यस्तै गौर नगरपालिकाको कार्यालय, एमाले, नेपाली कांग्रेसलगायत दलका कार्यालयमा समेत आगजनी गरेका थिए ।

**बाँकेको बाल सुधारगृहमा झडप, पाँचजनाको मृत्यु**

नौवस्तास्थित बाल सुधारगृहमा झडप हुँदा पाँच जनाको मृत्यु भएको छभने अन्य सात जना घाइते भएका छन् ।रासस

# स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै सङ्कटको यस घडीमा स्थितिलाई सामान्य बनाउन राज्यका सबै निकाय र आमनागरिकको सकारात्मक र सक्रिय भूमिका आवश्यक भएकाले सबैले आआफ्नो भूमिका निर्वाह गर्न आयोगले आग्रह गरेको बताउनुभएको छ । आयोगले वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनुपर्ने बताउनुभयो ।

"लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुन सक्दछ भन्ने कुरामा आयोग दृढ छ । अतः जनताका हकअधिकारलाई थप मजबुत र सुरक्षित बनाउँदै लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनु पर्दछ", आयोगले भनेको छ ।


आयोगले देश विषम अवस्थामा रहेको वर्तमान सन्दर्भमा सबैपक्ष संयमित हुनु पनि आग्रह गरेको छ ।

"विगत दुई दिनमा घटेका हिंसात्मक कार्य, आगजनी र तोडफोडले देशको ठूलो जनधनको क्षति भएको दुःखद् घटनाप्रति सबैको चिन्ता हुनु स्वाभाविकै हो ।




अब यसप्रकारका घटना हुने छैनन् भन्ने कुरामा विश्वस्त हुँदै कोही कसैले पनि हिंसात्मक कार्य नगर्न नगराउन हुन आयोग सबैमा आह्वान गर्दछ", आयोगले अगाडि भनेको छ ।

आयोगले सम्बद्ध सबै पक्षले देश र जनताप्रतिको जिम्मेवारी मनन गर्दै वर्तमान अन्योलताको अवस्थाबाट अगाडि बढ्नु आवश्यक रहेको भन्दै यसका लागि राष्ट्रिय मानव अधिकार आयोग आवश्यक भूमिका निर्वाह गर्न सदैव तत्पर रहेको बताएको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### जेन-जी आन्दोलनबाट पाठ सिकौँ

सोमबार र मंगलबारसम्म चलेको जेन-जीको आन्दोलनले देश व्यापी रुपमा अर्बौं रुपैयाँसहित जनधनको क्षति भएको छ। असहिष्णु प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि पनि उत्पन्न परिस्थिति एवं राजनीतिक अवस्थालाई हल गर्न राष्ट्रपति रामचन्द्र पौडेलले आह्वान गरेपछि समाधानका उपायहरुबारे बहस शुरु हुन थालेको छ। सामान्य परिस्थितिको निर्माण र जिउधनको सुनिश्चितता आगामी गन्तव्य निर्धारण र मार्ग निर्माणका पूर्व शर्त नै पनि रहेको देखिन्छ । केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, शेरबहादुर देउवा तथा विगत १९ वर्षमा सत्तामा सहभागी र प्रभावकारी भूमिका खेलेका मधेस केन्द्रित शक्तिहरु मुख्यरुपमा जिम्मेवार छन्। तर राष्ट्रिय स्वाधीनता, शान्ति, स्थायित्व र आर्थिक विकासलाई केन्द्रमा राखेर गम्भीर परिस्थितिको गम्भीर विवेचना र पोस्टमार्टमको प्रक्रिया सर्वपक्षीय रुपमा गर्नुपर्ने अत्यन्त जरुरी परिस्थिति उत्पन्न भएको देखिन्छ। जेन-जी पुस्ताले राष्ट्रिय र सार्वजनिक सम्पत्ति ध्वस्त बनाउने कामलाई भने रोक्नुपर्ने थियो। तर त्यसमा जेन-जी पुस्ता असफल भएको देखिन्छ। ब्रेक बिग्रेको साइकलजस्तो अगाडि बढेकोले आउने दिनमा कहाँ बसेर र केका आधारमा नेपालको शासन चलाउने भन्ने प्रश्न चिन्ह उठेको छ। सिंहदरबारमा आगो लागेको छ, प्रतिनिधिसभामा आगो लागेको छ भने न्यायपालिकामा पनि आगो लगाइएको छ । यति मात्र होइन, सात वटै प्रदेशका प्रशासनिक संरचना, स्थानीय प्रहरी, प्रशासन, अधिकांश सरकारी कार्यालयमा लगाइएको आगो र तोडफोडले गलत सन्देश गएको छ। यसले व्यापक रुपमा क्षतिपूर्ति पनि भएको छ। नेपाली इतिहासको सबैभन्दा निर्णायक मोडमा उभिएको छ । सोमबार र मंगलबारको रक्तपातले २२ युवाको ज्यान गएको छ भने चार सयभन्दा बढीलाई घाइते बनाएको छ । परम्परागत रुपमा शासकले दशकौंदेखि पालिएको भ्रष्टाचार, नातावाद र अकर्मण्यताको प्रतिबिम्ब थियो । सरकारको दमनकारी कदमले देशभरि उठेको आक्रोशलाई अझै गहिरो बनाएको छ । यस सडकमा उत्रिएका युवाहरू केवल फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालका लागि नलडेर उनीहरूको आन्दोलन पुस्तागत असमानता, राजनीति बेथिति, भ्रष्टाचार, बेरोजगारी, महँगी र लोकतान्त्रिक मूल्यहरूमाथि गरिएको निरन्तर प्रहार विरुद्ध छ । जेन-जी नेपालमा मात्र नभइ विश्वभरका युवाले यस्तै आक्रोश पोखिरहेका छन् । हाम्रा नेताहरूले विदेशको उदाहरणबाट सिक्न नै चाहेनन् । जसका कारण हिजोको अप्रिय घटना भएको देखिन्छ। अब नेताहरूको दुर्गतिबाट प्रशासकहरूले पनि समयमै सचेत हुन जरुरी छ। प्रशासकहरूले जनताको काममा निकै दुःख दिने गरेको र घुस नखाई कुनै पनि काम नबन्ने गुनासो आम रुपमा बनिसकेको छ। बंगलादेशमा कोटा आन्दोलन नरसंहारमा परिणत भएको छ । इन्डोनेसियामा मजदुरको न्यून ज्यालाविरुद्ध युवाले बलिदान दिए । फिलिपिन्समा शान्तिपूर्ण र सिर्जनात्मक आन्दोलनमार्फत् असमानताविरुद्ध आवाज उठाइएको छ। यी सबै उदाहरणहरूले एउटै सत्य देखाउँछन् कि आजका युवापुस्ता असमानता र भ्रष्टाचारलाई अब सहन तयार छैनन् । जेन-जी आन्दोलन ३६ घण्टामा सफल भएपछि अबको बाटो के हुने भन्ने प्रश्न टड्कारो रुपमा उभिएको छ। त्यसैल अबको आवश्यकता प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख स्थायी राजनीतिको आधार हुनुपर्छ। स्थानीय निकायलाई दलीय राजनीतिबाट मुक्त गर्नैपर्छ।

# साक्षरतामा कृत्रिम बौद्धिकता



डा. बलराम तिमल्सिना

संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले सन् १९६७ देखि ८ सेप्टेम्बरलाई अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउँदै आएका छन् । यस वर्ष 'डिजिटल युगमा साक्षरताको प्रवर्धन' नारा साथ यो दिवस मनाइँदै छ।

युनेस्कोका अनुसार शिक्षा मानिसको आधारभूत मानव अधिकार हो र साक्षरता आजीवन प्रक्रिया । यो प्रक्रियाले पढाइ, लेखाइ, गणितीय र जीपनोपयोगी सीप हासिल गर्दै व्यक्तिलाई आवश्यक सूचना प्राप्त गर्न सहयोग गर्छ । जुन व्यक्ति साक्षर हुन्छ, उसले अरुको भाषा, संस्कृति, धर्म, रीतिरिवाजका साथै अरुको पहिचानको सम्मान र मर्यादा गर्छ । जस कारण समाजमा शान्ति-सुरक्षाका साथै एकापसमा समझदारी कायम हुन्छ । समग्रमा समाज, देश र विश्वमा शान्तिको सुनिश्चितता हुन्छ।

सूचना र प्रविधिको क्षेत्रमा कृत्रिम बौद्धिकताको विकास र प्रयोगले साक्षर बनाउने र बन्ने प्रक्रियामा आमूल परिवर्तन ल्याइदियो । कृत्रिम बौद्धिकताको विकास र जीवनको समग्र पक्षमा यसको सघन प्रयोगका कारण सूचना-प्रविधि मानव विकासको एक अभिन्न अङ्ग भइसकेको छ। खासगरी च्याट जीपीटी, माइक्रोसफ्ट कोपिलट, क्लाउड, मेटा एआई, जेमिनी, डिपसिकजस्ता कृत्रिम बौद्धिकताका साधनहरूमा मानिसको निर्भरता बढ्दै गएको छ।

औपचारिक शिक्षामा त कृत्रिम बौद्धिकताको प्रयोग पाठ्यक्रम र पाठ्यसामग्री निर्माणदेखि अध्ययन अध्यापन, परीक्षा, शैक्षिक प्रशासन आदिसम्म घनीभूत रूपमा हुन थालिसकेको छ । अनौपचारिक तथा अरीतिक शिक्षामा कृत्रिम बौद्धिकताको प्रयोगको चर्चा कम भएको सन्दर्भमा साक्षरता अभिवृद्धि कार्यक्रममा यसको प्रयोग कसरी गर्न सकिन्छ ? यसको प्रयोगका फाइदा र चुनौती के छन् र सरकारले निभाउनुपर्ने भूमिका के हो ? आदि विषयको सेरोफेरोमा रहेर यो लेख तयार गरिएको छ।

कृत्रिम बौद्धिकताको विकासले साक्षरतासम्बन्धी हालका पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइका विधि र प्रक्रिया तथा सहजकर्ताको परम्परागत भूमिका असान्दर्भिक र अप्रासंगिक हुन थालिसकेका छन् । बहुआयामिक क्षमताका कारण कृत्रिम बौद्धिकता अब साक्षरता कार्यक्रमको सहायक प्रविधि मात्र नभएर निर्णायक पक्ष भइसकेको जस्तो देखिन्छ।

अबको साक्षरता कक्षा परम्परागत रूपमा अक्षर र अङ्क चिनाउने, आय-आर्जनका सीप सिकाउने, वित्तीय साक्षरता प्रदान गर्नेमा मात्र सीमित भएर पुग्दैन; कृत्रिम बौद्धिकताले सम्पूर्ण क्षेत्रमा जबर्जस्ती प्रभाव जमाइरहेको अवस्थामा यसको प्रयोग साक्षरताको अभिवृद्धिमा पनि जरुरी भइसक्यो। एक हप्ताअगाडि मैले सुनेको एक उदाहरण हेरौँ :

म प्रायः शनिबार एकजना भाइको पसलमा चिया पिउन जान्छु। उक्त पसलमा हामीमध्येकै एक साथीले पसले भाइलाई फेसबुकमा विषयवस्तु लेख्न लगाएर पोस्ट गर्नुहुन्छ। यो क्रम पछिल्ला केही वर्षदेखि चल्दै आएको थियो तर गएको साता जब उहाँले विषयवस्तु लेखाउन लाग्नुभयो, उक्त पसलकी साहुनीले भनिन्– ह्या ड्याडी पनि अब त हजुर बोल्नुहोस् एआईले लेखिदिन्छ, किन अरुलाई भनिरहनुपर्‍यो !

आज १० वर्षमाथिका ८० प्रतिशत मानिससँग फोन छ । विश्वका ६८ प्रतिशत व्यक्ति इन्टरनेटको पहुँचमा छन् । यो संख्या धनी देशमा ९३ प्रतिशत छ भने कम आय हुने देशमा २७ प्रतिशत मात्र छ । गरिब र धनी बिचको यो खाडल यसको प्रयोगले झन् बढ्न सक्छ।

साहुनीले विद्यालय शिक्षा पूरा गरेजस्तो लाग्दैन मलाई तर उनले विश्वविद्यालयका अनेकौँ प्रमाणपत्र हासिल गरेको व्यक्तिलाई कृत्रिम बौद्धिकताका बारेमा पढाइन् । मैले उनलाई जिस्क्याएँ पनि, कान्छी एआई भन्या के हो भन न ? उनी खिस्स हाँस्दै म नपढेको मान्छेलाई जिस्काउने दाइ भन्दै अर्को कोठातिर गइन् । यो सन्दर्भले अबको साक्षरता कार्यक्रमको स्पष्ट दिशानिर्देश गरेजस्तो लाग्छ मलाई।

#### तथ्याङ्कमा साक्षरता

यस वर्ष मनाइने अन्तर्राष्ट्रिय साक्षरता दिवसको सन्दर्भमा युनेस्कोले प्रकाशित गरेको अवधारणा पत्रका अनुसार आजभन्दा ५० वर्षअगाडि २५ प्रतिशतभन्दा बढी १५ देखि २४ वर्ष उमेर समूहका युवा लेख्न-पढ्न सक्दैनथे। आज ९३ प्रतिशतभन्दा बढी यो उमेर समूहका युवा पढलेख गर्न सक्छन्, यद्यपि आज विश्वमा ७३ करोड ९० लाख मानिस निरक्षर छन्।

विश्व बैङ्कको तथ्याङ्क अनुसार विश्वमा १५ वर्षमाथिको ८७ प्रतिशत जनसङ्ख्या साक्षर छ। युरोप, पूर्वी एसिया र प्यासिफिक तथा उत्तर अमेरिकी देशमा साक्षरता करिब सय प्रतिशत नजिक छ भने दक्षिण सुडान, माली, अफगानिस्तानजस्ता देशको साक्षरता दर ४० प्रतिशतभन्दा कम छ।

विश्व बैङ्कको सोही तथ्याङ्क अनुसार दक्षिण एसियाली देशहरूमा माल्दिभ्स ९७.८६ प्रतिशत (सन् २०२१), श्रीलङ्का ९२.२ (२०२२), भारत ७७.७ (२०२३), बङ्गलादेश ७६ (२०२१), भुटान ७२.१० (२०२२), पाकिस्तान ५८ (२०१९) र अफगानिस्तान ३७.३ प्रतिशत (२०२१) साक्षरता दर रहेको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्षमाथिको उमेर समूहमा नेपालको साक्षरता दर ७६.२ प्रतिशत पुगेको छ । नेपाल सरकारले पूरा देशलाई साक्षर बनाउने उद्देश्य अनुरूप अहिलेसम्म चारवटा प्रदेश, ६७ जिल्ला र ६२२ स्थानीय निकाय साक्षर घोषणा भइसकेका छन्।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार घोषणा हुन बाँकी मधेस र कर्णाली प्रदेश छन् भने जिल्लाहरूमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, कालिकोट र डोल्पा हुन् । ७५३ स्थानीय निकायमध्ये १३१ वटा साक्षर घोषणा हुन बाँकी छन्, जसमा १२९ मधेस प्रदेशमा र कर्णाली प्रदेशमा दुई स्थानीय तह छन् । साक्षरतामा सबभन्दा कमजोर मधेस प्रदेश देखिन्छ।

> युनेस्कोको अवधारणा पत्रका अनुसार आज १० वर्षमाथिका ८० प्रतिशत मानिससँग फोन छ । विश्वका ६८ प्रतिशत व्यक्ति इन्टरनेटको पहुँचमा छन् । यो संख्या धनी देशमा ९३ प्रतिशत छ भने कम आय हुने देशमा २७ प्रतिशत मात्र छ । गरिब र धनी बिचको यो खाडल यसको प्रयोगले झन् बढ्न सक्छ ।

#### साक्षरतामा कृत्रिम बौद्धिकताको प्रयोग

साक्षरता कक्षामा सहभागी हुने व्यक्तिहरू उमेर ढल्केका र फरक-फरक आवश्यकता र प्राथमिकता, इच्छा र चाहना तथा क्षमता र दक्षता भएका हुन्छन् । सोही अनुसार उनीहरूले सिक्ने विषयवस्तु, सिक्ने शैली र सिक्ने समय समेत फरक-फरक हुन्छन् । कृत्रिम बौद्धिकतामा आधारित सिकाइ माध्यमले सिकारुको यी सबै पक्षलाई ख्याल गर्दै सिकाइ सामग्री तयार, अनुकूलन वा समायोजन गर्न सहज गराउँदै व्यक्तिकेन्द्रित तथा निजीकृत सिकाइलाई प्रोत्साहन गर्छ।

ओबोफेमी अलोओ विश्वविद्यालय नाइजेरियाका प्राध्यापक टोलामिसे ओलासेन्डेको अनुसन्धानको प्राप्तिले भन्छ– कृत्रिम बौद्धिकताको प्रयोगले प्रौढ सिकारुलाई सान्दर्भिक, समय सापेक्ष र आफ्नो क्षमता अनुसार सिक्न, सिकाइ प्रक्रियामा संलग्न हुन र सिकेका विषय वस्तुबाट सन्तुष्ट हुन प्रेरित गर्दछ।

आफ्नो एन्ड्रोइड फोन वा कम्प्युटरमा कृत्रिम बौद्धिकताको सहायताले व्यक्तिले उपयुक्त समयमा इच्छानुसारका विषयवस्तु सिक्न सक्छ । एउटै पाठ्यक्रम, एउटै पाठ्य विषय, एउटै शिक्षण सिकाइ विधि र एकै समयमा सिक्नुपर्ने परम्परागत प्रणालीलाई तोडेर कृत्रिम बौद्धिकताका कारण सिकारु अहिले विविध सामग्री, फरकफरक सिकाइका विधि र पद्धति अपनाउन स्वतन्त्र र सक्षम हुँदै गएका छन्।

साक्षरता कार्यक्रममा कृत्रिम बौद्धिकताको प्रयोगले सिकारुको कार्यसम्पादन क्षमता, सिकाइको गति, सबल र दुर्लभ पक्ष सबैको विश्लेषण गरेर उसले ग्रहण गर्न सक्ने, बुझ्न सक्ने र व्यक्तिको सीप र क्षमता अनुसारको सामग्री उत्पादन र क्रियाकलाप निर्माण गर्न सहयोग गर्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्षमाथिको उमेर समूहमा नेपालको साक्षरता दर ७६.२ प्रतिशत पुगेको छ । नेपाल सरकारले पूरा देशलाई साक्षर बनाउने उद्देश्य अनुरूप अहिलेसम्म चारवटा प्रदेश, ६७ जिल्ला र ६२२ स्थानीय निकाय साक्षर घोषणा भइसकेका छन्।

व्यक्ति कुन क्षेत्रमा दख्खल हुन खोजेको छ र उसको आवश्यकता के हो ? सो अनुसार कृत्रिम बौद्धिकताको प्रयोग गर्न सकिन्छ। जस्तै : शब्दको सूची बनाउने, प्रश्नहरू निर्माण गर्ने, उत्तर अभ्यास गर्ने आदि । कृत्रिम बौद्धिकताको प्रयोग गर्दै सिक्ने व्यक्तिको कुन क्षेत्रमा ज्ञान, सीप र क्षमतामा कमी छ ? उसलाई पढाइ, उच्चारण, लेखाइ वा गणना कुन पक्षमा बढी जोड दिनुपर्छ भन्ने विषय थाहा पाउन सकिन्छ। जसले गर्दा सहजकर्तालाई व्यक्तिगत रूपमा सहभागीलाई सहयोग गर्न सक्षम बनाउँछ।

कृत्रिम बौद्धिकताको प्रयोग गर्दै पढ्ने, लेख्ने, बोल्ने आदि गर्दा यसले तुरुन्तै पृष्ठपोषण दिन्छ । कमी-कमजोरी र बलिया पक्ष बताइदिन्छ। सुधारका लागि सुझाव दिन्छ । उच्चारण सुधार गर्न नमुना उच्चारण गरिदिन्छ। साथै साक्षरता कक्षा सञ्चालन गर्दा यसको प्रयोगले व्याकरणको उचित प्रयोग, भाषाको शुद्धता र सरलता तथा अभिव्यक्ति कलाको सुधार गर्न सकिन्छ।

यसको प्रयोगले विनामूल्य स्वतस्फूर्त रूपमा प्राप्त गर्न सकिने ज्ञान र सीपको भण्डारमा पहुँच पुर्‍याउन सकिन्छ। माइक्रोसफ्ट पढाइ, कोच र गुगल पढाइजस्ता साधनको प्रयोगले उच्चारणमा सुधार गर्न र शुद्ध बोल्न सहयोग गर्छ । तुरुन्तै पृष्ठपोषण दिएर नमुना उच्चारण पनि गरिदिन्छ । साथै यिनै साधनमार्फत उच्चारण र अक्षर मिलाउनेजस्ता खेल खेलाउन सकिन्छ। त्यसैगरी ग्रामर्ली र क्विलवटजस्ता साधनले लेखाइको तुरुन्त पृष्ठपोषण दिएर सुधार गर्न सहयोग गर्छ।

साक्षरता कार्यक्रमका सहभागी प्रायः वैवाहिक जीवनमा प्रवेश गरिसकेका, काँधमा पारिवारिक जिम्मेवारी बोकेका र सामाजिक व्यक्तित्वका रूपमा स्थापित भइसकेका व्यक्ति हुन्छन्। त्यसैले उनीहरूमा व्यक्तिगत, पारिवारिक तथा सामाजिक समस्या र चिन्ता हुन सक्छन् । जसको निराकरणका लागि मनोसामाजिक परामर्श आवश्यक हुन सक्छ। कृत्रिम बौद्धिकताको उचित प्रयोग गर्दा व्यक्तिको सिकाइका अतिरिक्त मनोसामाजिक परामर्शमा पनि यसले सहयोग गर्न सक्छ।

#### चुनौती

कृत्रिम बौद्धिकताको प्रयोगका लागि कम्प्युटर वा एन्ड्रोइड फोन र इन्टरनेट अनिवार्य हुनुपर्छ । साक्षरता कक्षामा सहभागी हुनेहरूसँग यी साधन र वातावरण नहुन सक्छ । जसले गर्दा समाजमा वा व्यक्तिको सिकाइमा असमानता बढ्न सक्छ।

युनेस्कोको अवधारणा पत्रका अनुसार आज १० वर्षमाथिका ८० प्रतिशत मानिससँग फोन छ। विश्वका ६८ प्रतिशत व्यक्ति इन्टरनेटको पहुँचमा छन्। यो संख्या धनी देशमा ९३ प्रतिशत छ भने कम आय हुने देशमा २७ प्रतिशत मात्र छ। गरिब र धनी बिचको यो खाडल यसको प्रयोगले झन् बढ्न सक्छ।

जब व्यक्ति सिकाइका लागि मेसिनमा भर पर्न थाल्छ, तब उसको आलोचनात्मक चेत, सिर्जनशील विचार र चिन्तनशीलता कमजोर हुँदै जान्छ । सहजकर्ता अल्छी बन्ने सम्भावना बढ्दै जान्छ। सहजकर्तालाई निर्देशन मात्र दिने व्यक्तिका रूपमा विकास गराउन सक्छ।

कृत्रिम बौद्धिकताको प्रवेशले सहजकर्ताको सक्रियता घटाउनुको साटो भूमिकामा मात्र परिवर्तन गराउँछ भन्ने कुरा सहजकर्ताले बुझ्न जरुरी छ। उसले सहभागीलाई भावनात्मक सहयोग र मानवकेन्द्रित शिक्षण विधि प्रयोग गर्दै कृत्रिम बौद्धिकताको उचित प्रयोगमा सहभागीलाई सहयोग गर्नुपर्छ।

इलिनोइस विश्वविद्यालय अमेरिकाका प्राध्यापक मेरी कालान्जिस र बिल कोपको अनुसन्धानको प्राप्ति अनुसार कृत्रिम बौद्धिकताको कारण प्रविधि, मानव शरीर र मानव मस्तिष्क बिचको सम्बन्ध नै धुमिल भएको छ । जस कारण सामान्य मानिस के ठिक के बेठिक छुट्याउन नसक्ने भएका छन् । त्यसैले शिक्षामा कृत्रिम बौद्धिकताको प्रयोग सजगताका साथ गर्नुपर्छ। अझ साक्षरता कार्यक्रममा संवेगात्मक तथा भावनात्मकजस्ता मानवीय पक्षलाई सहजकर्ताले राम्ररी बुझ्न जरुरी छ, भन्नुहुन्छ उहाँहरू।

कृत्रिम बौद्धिकताको प्रयोगले साक्षरताका आधारभूत सीपहरूमा कमी हुन सक्छ भन्दै उहाँहरू चिन्ता व्यक्त गर्नुहुन्छ। यसको प्रयोगले पुस्तक पढ्ने, लेख्ने तथा विनामेसिन गणना गर्न सक्ने क्षमतामा ह्रास आउन सक्छ। यो पक्षलाई सहजकर्ताले निरुत्तर ख्याल गर्दै क्रियाकलाप निर्माण गर्नुपर्छ।

#### अबको बाटो

सरकारले नीतिगत रूपमै अनौपचारिक शिक्षामा कृत्रिम बौद्धिकताको प्रयोगलाई प्रोत्साहित गर्दै क्रमशः अनिवार्य गर्न आवश्यक छ। सरकारले सन् २०१९ मा पास गरेको डिजिटल नेपाल ढाँचाले कृत्रिम बौद्धिकतालाई शिक्षामा प्रयोग र उपयोग गर्न बाटो खोलिदिएको छ, तर यति मात्र पर्याप्त छैन । अनौपचारिक शिक्षामा कृत्रिम बौद्धिकतासम्बन्धी छुट्टै नीति र मापदण्ड विकास गर्नु आवश्यक छ। जस्तै : साक्षरता कक्षाका सहजकर्ता र सहभागीको कृत्रिम बौद्धिकतासम्बन्धी सक्षमता मापदण्ड आदि।

अबको साक्षरता कार्यक्रम एन्ड्रोइड फोनको एप्लिकेसनसँग नजोड्ने हो भने व्यक्ति साक्षरता कार्यक्रममा सहभागी नै हुँदैनन्। त्यसैले साक्षरताको पाठ्यक्रम र पाठ्यसामग्री आजको सूचना र प्रविधिको युगले माग गरेको समय सापेक्ष ज्ञान र सीप सिकारुमा विकास गर्ने गरी परिमार्जन तथा अनुकूलन हुनु जरुरी छ। जस्तै : सबै स्थानीय तहले साक्षरता कार्यक्रममा डिजिटल साक्षरता सम्बन्धी क्रियाकलाप जोड्दै आफ्ना नागरिकलाई डिजिटल्ली साक्षर बनाउन आवश्यक छ।

साथै परम्परागत शिक्षण विधि र क्रियाकलापमा परिवर्तन पनि आजको माग हो । जसका लागि सहजकर्तालाई तालिम अपरिहार्य छ । विषयवस्तु निर्माण, सिकाइ प्रक्रियामा सिकारुहरूको सहभागिता, व्यक्तिको आवश्यकता पहिचान आदिका साथै कृत्रिम बौद्धिकताका साधनहरूको उचित प्रयोगका लागि सहजकर्तालाई सोही अनुरूप तयारी गर्नुपर्छ।

तालिमका सन्दर्भमा ओबोफेमी अलोओ विश्वविद्यालय नाइजेरियाका अर्का प्राध्यापक बद्रुदिन तेस्लिम भन्नुहुन्छ– साक्षरता कक्षाको नेतृत्व गर्ने व्यक्तिलाई पर्याप्त तालिम तथा प्रशिक्षण नदिने हो भने कृत्रिम बौद्धिकताको प्रयोगले नकारात्मक परिणाम पनि दिन सक्छ। त्यसैले साक्षरता कार्यक्रममा कृत्रिम बौद्धिकतालाई प्रवेश गराउनु अगि सहजकर्ताको तालिम र योग्यतामा ध्यान दिनुपर्छ।

कृत्रिम बौद्धिकताको प्रगोगलाई समयमै अनौपचारिक शिक्षासँग जोड्दै साक्षरता कार्यक्रमलाई डिजिटल युग सुहाँउदो नबनाउने हो भने यी कार्यक्रम चल्दैनन्। औपचारिक शिक्षामा जस्तै अब साक्षरता कार्यक्रममा पनि कृत्रिम बौद्धिकताको प्रयोग सामग्री उत्पादन, नवीन शिक्षण विधिको प्रयोग, परीक्षा सञ्चालन तथा परीक्षाफल विश्लेषण आदिमा प्रयोग गर्न ढिला भइसकेको छ।

त्यसैले कृत्रिम बौद्धिकताको बहुआयामिक शक्तिको प्रयोग समग्र नीति र प्रणालीमा सुधार, पाठ्यसामग्री र शैक्षणिक विधिमा परिमार्जन तथा अनुकूलन र व्यक्तिको क्षमता र दक्षता अभिवृद्धि आजको पहिलो आवश्यकता हो । यसका लागि सरकारी लगानी बढाउनुपर्ने देखिन्छ। साथै, यो क्षेत्रमा कार्यरत निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य गर्दै सरकार अगाडि बढ्नु उपयुक्त देखिन्छ।रातोपाटी

# सोह्र श्राद्ध : पूर्वजप्रतिको श्रद्धा र संस्कृतिको निरन्तरता




रमेश कुमार बोहोरा

सोह्र श्राद्ध वा पितृ पक्ष हिन्दू धर्म संस्कृतिमा एक अत्यन्तै महत्वपूर्ण संस्कार हो। यसलाई केवल धार्मिक परम्परा मात्र नभई आस्था, श्रद्धा र कर्तव्यबोधसँग जोडिएको जीवनशैलीका रूपमा पनि बुझिन्छ। प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष आजदेखि सुरु भएको छ। यो संस्कारमा दिवंगत पितृहरूको सम्झनामा श्राद्ध, तर्पण, दान र पिण्डदान जस्ता धार्मिक कर्महरू गरिन्छन् । यसै अवधिलाई पितृ पक्ष भनिन्छ । जसलाई 'महालय' वा 'सोह्र श्राद्ध' नामले पनि चिनिन्छ । हिन्दू मान्यताअनुसार पितृ पक्षमा गरिएका श्रद्धा र कर्महरूले दिवंगत आत्मालाई शान्ति, तृप्ति र मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास छ । परिवार र वंशजले पुण्य कमाउने, घरमा सुख समृद्धि आउने र जीवनमा शान्ति कायम हुने धार्मिक धारणा पाइन्छ।

शास्त्रीय व्याख्याअनुसार श्राद्ध भन्नाले श्रद्धापूर्वक गरिएको धार्मिक कर्मलाई जनाउँछ। संस्कृत श्लोक "श्रद्धया यत् क्रियते तत् श्राद्धम्" अर्थात् श्रद्धासाथ गरिएको कर्म नै श्राद्ध हो भन्ने कुरा यस परम्पराको मूल आधार हो । यसको अर्थ पितृहरूको सम्झनामा गरिएको हरेक कर्मको जड श्रद्धा नै हो । तसर्थ सोह्र श्राद्धमा वंशजहरूले दिवंगत पितृहरूलाई सम्झने उनीहरूको योगदान र अस्तित्वप्रति कृतज्ञता व्यक्त गर्ने अवसर पाउँछन् । यसरी हेर्दा यो संस्कार जीवन र मृत्युबीचको सम्बन्ध बुझाउने गहिरो आध्यात्मिक अभ्यास पनि हो।

श्राद्ध कर्ममा विभिन्न विधिहरू अवलम्बन गरिन्छन् । विशेषतः चामल, तिल, कुश, दूध र जल प्रयोग गरी तर्पण गरिन्छ । दिवंगत पितृहरूको नाममा पिण्डदान गरिन्छ जुन आत्माको तृप्तिको प्रतीक मानिन्छ । यसैगरी ब्राह्मणलाई भोजन गराइन्छ र दान दिइन्छ। यो



परम्परा केवल धार्मिक विश्वासमा मात्र नभई सामाजिक दृष्टिले पनि गहिरो छ किनभने यसले दानशीलता, परोपकार र सामूहिक सद्भाव बढाउँछ । पितृ पक्षमा गरिएका दान र पुण्य कर्महरूले नकारात्मक ऊर्जा हटाउने घर परिवारलाई विपद्बाट जोगाउने र सकारात्मक फल दिने विश्वास गरिन्छ।

सोह्र श्राद्धलाई समाजशास्त्रीय दृष्टिबाट पनि महत्त्वपूर्ण मानिन्छ। यो केवल व्यक्तिगत धार्मिक अनुष्ठान नभई सामूहिक परिवारिक संस्कार हो । यस समयमा परिवारका सबै सदस्यहरू एकै ठाउँमा भेला भएर दिवंगत पितृहरूको सम्झना गर्छन् । पुराना पुस्ताले नयाँ पुस्तालाई आफ्नो संस्कार, परम्परा र वंशको महत्व सम्झाउँछन् । यसरी यसले परिवारमा एकता, भावनात्मक नजिकता र संस्कृतिको संरक्षण गर्ने कार्य गर्दछ। वास्तवमा यो संस्कारले वंश निरन्तरता र सामूहिक जिम्मेवारीबोधलाई मजबुत बनाउँछ।

आध्यात्मिक दृष्टिले पितृ पक्ष जीवन र मृत्युको गहिरो सत्यलाई सम्झाउने अवसर पनि हो । मानिसलाई मृत्यु अन्त्य होइन अर्को अस्तित्वको सुरुवात हो भन्ने धारणा यसले प्रस्ट पार्छ । जीवित व्यक्तिलाई आफ्ना कर्म, श्रद्धा र कर्तव्यप्रति सजग गराउँछ। पूर्वजप्रतिको कृतज्ञता व्यक्त गर्नु भनेको वर्तमान जीवनलाई नै धर्म, आस्था र नैतिकताको बाटोमा अघि बढाउने प्रेरणा हो। त्यसैले पितृ पक्षमा गरिने हरेक विधि केवल आत्मा सन्तुष्ट पार्ने कर्म नभई जीवितलाई पनि जीवन दर्शन सिकाउने माध्यम हो।

यस संस्कारलाई सांस्कृतिक दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । पुस्तौंदेखि चलिआएको परम्परा निरन्तरता पाउँदै आएको छ जसले नेपाली समाजको सांस्कृतिक पहिचानलाई मजबुत बनाएको छ । आधुनिकतासँगै धेरै संस्कारहरू बिस्तारै हराउँदै गएको देखिए पनि पितृ पक्ष अझै पनि हिन्दू समाजमा उस्तै श्रद्धा र भव्यताका साथ मनाइन्छ। यसले परम्परागत मूल्य, सामाजिक एकता र पारिवारिक सम्बन्धलाई जीवित राख्ने महत्वपूर्ण भूमिका खेलेको छ।

यसरी हेर्दा सोह्र श्राद्ध वा पितृ पक्ष केवल धार्मिक कर्म मात्र होइन पूर्वजप्रतिको श्रद्धा, परिवारप्रतिको आस्था, सामाजिक एकताको आधार र सांस्कृतिक निरन्तरताको प्रतीक हो। यो परम्पराले वर्तमानलाई अतीतसँग जोड्छ मृत्युपछि पनि आत्माको अस्तित्व रहने विश्वासलाई बल दिन्छ र जीवनलाई कर्तव्य, श्रद्धा र नैतिकताका मार्गमा अघि बढ्न प्रेरित गर्दछ । पितृ पक्ष मनाउनु भनेको दिवंगत आत्मालाई सम्झनु मात्र होइन आफ्नो जीवनलाई पनि धार्मिक, नैतिक र सांस्कृतिक दृष्टिले समृद्ध बनाउनु हो।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ )

# अधिकांश मन्त्रालयका महत्त्वपूर्ण संरचनामा अपुरणीय क्षति, लुटपाट कयौं सामग्री लुटपाट



काठमाण्डु । भ्रष्टाचार नियन्त्रण, सामाजिक सञ्जालको निर्वाध सञ्चालन र युवा नेतृत्वका लागि जेनजी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा मुलुकले ठूलो भौतिक क्षति व्यहोर्नुपरेको छ । नयाँ बानेश्वरस्थित निषेधित क्षेत्र तोड्ने क्रममा सोमबार भएको झडपमा ठूलो मानवीय क्षति भएसँगै मङ्गलबार प्रदर्शनले उग्ररूप लिएको थियो ।

त्यसक्रममा देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसहित देशभरका महत्त्वपूर्ण संरचनामा अपुरणीय क्षति भएको छ । गोरखा भूकम्पपछि भर्खरै पुनःनिर्माण सम्पन्न भएको सिंहदरबारस्थित पुरातात्विक महत्त्वको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकांश भाग जलेर नष्ट भएका छन् ।

आगजनी भएको २४ घन्टासम्म पनि सिंहदरबारभित्रका अधिकांश मन्त्रालयका भवनबाट धुँवा आइरहेको छ । गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसङ्ख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बढी प्रभावित भएको देखिन्छ । यस्तै सिंहदरबारस्थित नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको कार्यालय पूर्णरूपमा क्षति भएको छ ।

सिंहदरबाभित्र पार्किङ गरिएका करिब एक हजार सवारी साधनमा आगजनी र तोडफोड भएको छ । आन्दोलनकारीले मन्त्रालयका कम्प्युटर, प्रिन्टर, ल्यापटप, कुर्सीलगायत महत्त्वपूर्ण सामग्री तोडफोड र लुटपाटसमेत भएको सम्बन्धित मन्त्रालयका कर्मचारीले जनाएका छन् । यसबाट राज्यलाई अरबौंको क्षति भएको अनुमान गर्न सकिन्छ ।

प्रदर्शनकारीले राष्ट्रिय अनुसन्धान विभाग, केन्द्रीय क्यान्टिन, दूग्ध विकास संस्थानको बिक्री केन्द्रमा पनि लुटपाट, तोडफोड र आगजनी गरेका छन् । आन्दोलनकारीबाट भएको आजगनीबाट मन्त्रालयमा रहेका राज्य सञ्चालनसम्बन्धी महत्वपूर्ण कागजात छरपस्ट भएको देखिन्छ ।

प्रदर्शनकारीको आक्रमणको निशानामा परेको प्रमुख प्रशासकीय केन्द्र आज सुनसान प्रायः रह्यो । सिंहदरबार परिसर बाहिर रहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय पनि आगजनीबाट पूर्णरुपमा ध्वस्त भएको छ । त्यहाँ आगजनीबाट कार्यालय भवन, आवास, अत्यावश्यक रासन, करिब चार सयभन्दा बढी सवारी साधन र करिब दुई लाखभन्दा बढी सवारी चालक अनुमतिपत्र जलेर पूर्णरूपमा नष्ट भएको कार्यालयले जनाएको छ । आगजनीबाट मेट्रो ट्राफिक एफएम स्टेसन र भवनमा पनि ठूलो क्षति पुगेको देखिन्छ ।

यसैगरी मुलुकको न्याय प्रशासनको प्रमुख केन्द्र 'सर्वोच्च अदालत' पनि आगजनीबाट क्षति भएको छ । आगलागीबाट त्यहाँ रहेका महत्त्वपूर्ण अभिलेख, फैसला, मिसिल र कागजातलगायत उपकरण र भौतिक संरचना नष्ट भएको अदालत प्रशासनले जनाएको छ । आगजनी नियन्त्रण र क्षति भएका भौतिक संरचनाको व्यवस्थापन तथा सरसफाइको काम सुरु भएको छ ।

जेनजी पुस्ताको पूर्वनिर्धारित कार्यक्रमअनुसार आज आन्दोलनका क्रममा भएको फोहर व्यवस्थापनको काममा स्वतःस्फूर्त रूपमा नागरिक पनि खटिइएका छन् ।रासस

# संयम, संवाद र एकताका साथ समाधान पहिल्याऔँः कांग्रेस महामन्त्रीद्वय

"हामी यो पहललाई जेनजी पुस्ताको भावनाबमोजिम नै निष्कर्षमा पुऱ्याउन आग्रह गर्दछौं । त्यसो गर्दैगर्दा "आवश्यकताको सिद्धान्त"बमोजिम हुने निर्णयलाई पनि संविधानबमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराउन चाहान्छौं"



काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले वर्तमान विषम परिस्थितिमा वार्ता र संवादमार्फत निकास दिन राष्ट्रपतिले लिनुभएको पहलकदमीको स्वागत गर्नुभएको छ ।

उहाँहरुले बुधबार संयुक्त वक्तव्यमार्फत सबै पक्षसँग आवश्यक परामर्श गरी संवादबाट समाधान खोज्न आग्रह गर्नुभएको हो । नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूले शान्तिसुरक्षा कायम गर्न आआफ्नो स्थानबाट गरिरहेको प्रयास र संवादलाई आमनागरिक, नागरिक समाज, सञ्चारजगत्, अन्तरराष्ट्रिय समुदाय सबै तहबाट साथ-सहयोगका लागि उहाँहरुले अपिल गर्नुभएको छ ।जेनजी युवाले सुरु गरेको आन्दोलनका क्रममा जीवन गुमाएका होनहार युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै महामन्त्रीद्वय थापा र शर्माले परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

यही भदौ २३ र २४ गते दुई दिनमा भएका घटनाक्रमपछि देशलाई शान्ति र पुनर्निर्माणको दिशामा अघि बढाउन सबैपक्षले संयम र एकतासाथ प्रस्तुत हुन जरुरी रहेको उल्लेख गर्नुभएको छ । उहाँहरुले मुलुकको समुन्नति र सुन्दर भविष्यका लागि लोकतान्त्रिक प्रणालीको बाटोलाई नवीन ढङ्गले सुनिश्चित गर्ने गुरुत्तर दायित्वप्रति सबै गम्भीर बन्न आवश्यक रहेकामा जोड दिनुभएको छ ।

"हामी यो पहललाई जेनजी पुस्ताको भावनाबमोजिम नै निष्कर्षमा पुऱ्याउन आग्रह गर्दछौं । त्यसो गर्दैगर्दा 'आवश्यकताको सिद्धान्त'बमोजिम हुने निर्णयलाई पनि संविधानबमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराउन चाहान्छौं", जारी विज्ञप्तिमा उल्लेख छ ।

विधिविहीनताले थप अराजकता निम्त्याउने उल्लेख गर्दै उहाँहरुले वार्ताका क्रममा राष्ट्रपति र जेनजी पक्षलाई आग्रह गर्नुभएको छ । महामन्त्रीद्वयले भन्नुभएको छ, "अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शुन्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् । त्यसमा हाम्रो समर्थन रहनेछ ।"

उहाँहरुले सोमबारको प्रदर्शनका दिन अत्यधिक बल प्रयोगबाट भएको गम्भीर अपराधको उच्चस्तरीय आयोग मार्फत गहिरो छानबिन गरेर दोषीलाई कानुनी काबाहीको दायरामा ल्याउन ध्यानाकर्षण गराउनुभएको छ ।

"सामाजिक सञ्जाल खोल्न र पदत्याग गर्न हामीले गरेका आग्रह र दबाब स्वीकार्न प्रधानमन्त्रीले ढिलाइ गर्दा स्थिति थप चर्किएको र अनियन्त्रित भएको तथ्य स्वीकार्न जरुरी छ", महामन्त्रीद्वयले उल्लेख गर्नुभएको छ, "हाम्रो पटकपटकको आग्रहका बाबजुद परिस्थितिलाई नजरअन्दाज गर्नु, राजनीतिक नेतृत्वले स्थितिको सही आँकलन आफू गर्न सक्नुपर्छ या अरुले दिएको सही सुझावलाई समयमै ग्रहण गर्न सक्नुपर्छ, यो यथार्थ आत्मसात् गर्न प्रधानमन्त्रीले ढिलाइ गर्दा जो मानवीय क्षति भयो त्यसबाट सिङ्गो मुलुक र संसारभरका सबै नेपाली स्तब्ध र अत्यन्तै दुखित छौं ।"

कैयौं सरकारी कार्यालय, मिडिया हाउस, व्यावसायिक प्रतिष्ठान आदिमा गरिएको आगजनी अत्यन्तै दुःखद् र निन्दनीय रहेको उल्लेख गर्दै उहाँहरुले जेनजी आन्दोलनकारीको भावना र घोषणाभन्दा बाहिर आन्दोलनको हुलमलमा नियतबस पसेकाहरूले योजनाबद्ध रुपमा यो विध्वंश गरेका बताउनुभएको छ ।

अब फेरिएको यस परिस्थितिमा युवाको आकाङ्क्षा र अपेक्षाअनुसार जिम्मेवार राजनीति गर्ने दलका रुपमा कांग्रेसलाई जरैदेखि सम्पूर्ण रुपमा पुनर्निर्माण गर्ने प्रतिबद्धता जनाउनुभएको छ । उहाँहरुले अहिलेको विषम र अस्थिर परिस्थितिबाट उठ्न र पुनर्निर्माणमा जुट्न संयम, संवाद र एकता अपरिहार्य रहेको उल्लेख गर्दै अत्यन्तै कठिन अवस्था र प्रतिकूलताबीच पनि 'सामाजिक एकता र सद्भाव' कायम गर्न सबैमा आह्वान गर्नुभएको छ ।रासस

## संविधानभित्रबाट समाधान खोज्नुपर्छः वरिष्ठ नेता गौतम



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का वरिष्ठ नेता एवं राष्ट्रियसभा सदस्य वामदेव गौतमले देशमा उत्पन्न राजनीतिक समस्याको समाधान गर्न संविधानलाई नै मार्गदर्शकका रूपमा लिनुपर्ने बताउनुभएको छ ।

उहाँले बुधबार एक सन्देश जारी गर्दै राज्यका सबै संरचना अस्तव्यस्त भएको अहिलेको अवस्थामा संविधानभन्दा बाहिरबाट खोजिने समाधान दीर्घकालीन हुन नसक्ने उल्लेख गर्नुभयो ।

राजनीतिक पार्टी अहिले उपरोक्त राज्यशक्तिभन्दा पछाडि परेको जटिल अवस्थाबाट देशलाई आवश्यक दिशानिर्देश गर्ने मुख्यतः नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र निजामती कर्मचारीको जिम्मेवारी भएको उल्लेख गर्दै नेता गौतमले नेपाली भूमिको रक्षा, जनताको रक्षा, आफ्नो सार्वभौमिकताको रक्षाका निम्ति आग्रह गर्नुभयो ।

मुलुकको राष्ट्रिय अखण्डता, राष्ट्रिय एकता तथा सामाजिक सद्भाव कायम गर्न सबै संवेदनशील हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "जब राज्य कमजोर हुन्छ सबै आधार कमजोर हुन्छन्, त्यस्तो अवस्थामा कि राज्य टुक्रिन्छ कि देश विदेशीको कब्जामा जान्छ ।"

नेता गौतमले जनताको आर्थिक विकास तथा समृद्धिको चाहना तथा ऐतिहासिक जिम्मेवारी पूरा गर्न सम्बन्धित निकायले ढिलासुस्ती गर्न नहुने बताउनुभएको छ ।रासस

# विषम परिस्थितिमा धैर्यता र संयमता अपनाउन पोखरेलको आग्रह



काठमाण्डु । नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले नेता तथा कार्यकर्तामा विषम परिस्थितिमा धैर्य र संयमता अपनाउन आग्रह गर्नुभएको छ । उहाँले बुधबार सामाजिक सञ्जालमा लेख्दै सामाजिक सद्भाव र अमनचयनका लागि सबैको पहल प्रयत्न आवश्यक भएको उल्लेख गर्नुभएको छ ।

"जस्तोसुकै कठिन परिस्थितिमा पनि लोकतान्त्रिक पद्धति, बहुलवादी मूल्य मान्यता, सामाजिक न्याय, विधिको शासन र रुपान्तरणकारी आन्दोलनकारीप्रति अविचलित रहन पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्ता, समर्थक, शुभेच्छुक तथा आम जनतामा हार्दिक आह्वान गर्दछु", उहाँले लेख्नुभएको छ । वरिष्ठ उपाध्यक्ष पोखरेलले आन्दोलनका क्रममा भएको अस्वाभाविक बल प्रयोग, त्यसबाट भएको धनजनको क्षति, ऐतिहासिक सम्पदा, सार्वजनिक सम्पत्ति, राजनीतिक दलका कार्यालय र विभिन्न व्यक्तिका निजी निवास तथा सम्पत्तिमा गरिएको हिंसा र तोडफोडप्रति निन्दा तथा भत्सर्ना गर्नुभएको छ ।रासस

# पोखराका अधिकांश कार्यालयमा तोडफोड तथा आगजनी



गण्डकी । जेनजी आन्दोलनका कारण गण्डकी प्रदेशको राजधानी पोखरामा आज अधिकांश सरकारी कार्यालयमा आगजनी तथा तोडफोड भएको छ । पोखरामा दिनभर कर्फ्यु आदेश भए पनि आन्दोलनकारीहरूले प्रदर्शन जारी राखेका थिए ।

प्रदर्शनका क्रममा पोखरा महानगरपालिका, मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय, गण्डकी प्रदेश सभाको कार्यालय, मुख्यमन्त्रीको कार्यालय तथा निवास, महानगरपालिकाका विभिन्न वडा कार्यालयमा उनीहरूले आगजनी गरेका हुन् । आन्दोलनकारीकै सहयोगमा कास्की कारागारमा भएका सबै कैदीबन्दी भागेका छन् । उक्त कारागारमा करिब ९०० कैदीबन्दी रहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो ।

त य स त ै प्रदर्शनकारीले यहाँस्थित भाटभटेनी सुपर मार्केट, विभिन्न सरकारी गाडीका साथै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको निवास, सामाजिक विकासमन्त्री विन्दुकुमार थापाको निवासलगायतमा पनि आगजनी एवमं तोडफोड गरेका छन् ।रासस

# राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राखौंः नेपाली सेना



काठमाण्डु । नेपाली सेनाले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई कायम राख्दै देशको जनजीवन सामान्य बनाउने आ-आफ्नो दायित्वलाई हरेक नागरिकले निरन्तरता दिने विश्वास व्यक्त गरेको छ ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले बुधबार एक विज्ञप्ति जारी गरी जस्तोसुकै परिस्थितिमा पनि सबै नेपालीको सुरक्षा र मानवीय उद्धारमा प्रतिबद्ध रही परिस्थितिजन्य जिम्मेवारी बहनमा सक्रिय सुरक्षाकर्मीलाई सहयोग पुऱ्याउन पुनः अनुरोध गरेको छ ।

देशको समग्र शान्ति सुरक्षा अवस्थालाई मध्यनजर राखी हाल लागु गरिएको निषेधाज्ञा आज ५:०० बजेसम्म देशभर निरन्तर रहने जनाएको छ । साथै निषेधाज्ञा भोलि भदौ २६ गते बिहान ६:०० बजेसम्म जारी रहने बताएको छ ।

आन्दोलनको नाममा अझै पनि अराजक व्यक्ति र समूहहरुले घुसपैठ गरी व्यक्तिगत र सार्वजनिक सम्पत्ति तोडफोड तथा आगजनी, लुटपाट एवं व्यक्ति लक्षित हिंस्रक आक्रमण, बलात्कारका प्रयास गरिरहेका तथा गर्नसक्ने भएकाले निषेधाज्ञालाई निरन्तरता दिइएको हो ।

निषेधाज्ञाका बेला अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, शव वाहन, दमकल, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका सवारीसाधन) सञ्चालन हुन सक्नेछन् । आवश्यक सहजताको लागि नजिकका सुरक्षाकर्मीसँग समन्वय गर्न सेनाले अनुरोध गरेको छ ।

आन्दोलनपछिको परिस्थितिलाई सम्बोधन गरी समस्या समाधानको निमित्त सम्बद्ध पक्षबीच समन्वय भइरहेको हुँदा आन्दोलनको नाममा हुने कुनै पनि प्रदर्शन, तोडफोड, लुटपाट, आगजनी, व्यक्ति तथा सम्पत्ति लक्षित आक्रमणहरुलाई दण्डनीय अपराधका रुपमा लिई सुरक्षाकर्मीबाट कडा कारबाही हुने चेतावनी सेनाले दिएको छ ।

साथै अवकाश प्राप्त सैनिकलगायत सुरक्षाकर्मी, सबै सेवाका राष्ट्रसेवक, सञ्चारकर्मी तथा आमनागरिकमा अफवाहको पछाडि नलागी आधिकारिक सूचना मात्र सम्प्रेषण गर्न तथा आधिकारिकतामा मात्र विश्वास गर्न अनुरोध गरिएको छ ।

**अवाञ्छित गतिविधि रोक्न निरन्तर निगरानीका लागि सेनाको आग्रह**

देशमा शान्तिसुरक्षा तथा अमन चइन कायम गर्न नेपाली सेनालगायत अन्य सुरक्षा निकाय अहोरात्र खटिएका जनाउँदै सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले समाजमा अवाञ्छित गतिविधि हुननदिनेतर्फ सचेत रहन तथा निरन्तर निगरानी गर्न आम नेपाली नागरिकमा आग्रह गरेको छ ।

सूचना निर्देशनालयले आज जारी गरेको सूचनामा सुरक्षा संयन्त्र पुग्नुअगावै स्थानीय समुदायले एकजुट भई स्थितिको खबर आदानप्रदान गरी आफू र आफ्नो टोल छिमेकमा सुरक्षित भएर रहन आग्रह गरेको छ ।

देशमा विद्यमान सुरक्षा चुनौती तथा विभिन्न स्थानहरुमा उछृङ्खल तत्वबाट लुटपाट तथा आगजनी र जीउधनको क्षति गर्ने मनसायले विध्वंसात्मक तथा अराजक गतिविधिहरु आफ्नो समुदायमा देखिएमा यथाशीघ्र नेपाली सेनाको ९८६३०२९०२९ नम्बरमा सन्देश पठाउन सेनाले अनुरोध गरेको हो ।

सूचनामा भनिएको छ, "केही उछृङ्खल तत्वले भ्रामक खबर सामाजिक सञ्जालमा राखेर स्थितिलाई अतिरञ्जित बनाउने तथा त्रासको वातावरण सिर्जना गर्न खोजेको हुँदा त्यस्ता क्रियाकलापलाई निस्तेज गर्न आ-आफ्नो क्षेत्रबाट सही खबर मात्र सम्प्रेषण गरी सहयोग गर्न सूचित गरिन्छ ।"रासस

# पार्टी सभापति देउवालगायत नेतामाथि भएको भौतिक आक्रमणको निन्दा



काठमाण्डु । नेपाली कांग्रेसले पार्टी सभापति शेरबहादुर देउवालगायत अन्य नेताहरूमाथि भएको साङ्घातिक आक्रमणको घोर निन्दा तथा भत्सर्ना गरेको छ ।

पार्टी प्रवक्ता डा प्रकाशशरण महतले बुधबार प्रेस विज्ञप्ति जारी गरी नवयुवा पुस्ताद्वारा आयोजित विरोध प्रदर्शनका क्रममा हुन नपर्ने दुःखद् घटना भएको उल्लेख गर्दै दुःख व्यक्त गर्नुभएको छ ।

"धेरै युवा र केहि सुरक्षाकर्मिहरूले ज्यान गुमाउनुपरेको पीडादायी अवस्था हामी सबैकालागि अत्यन्त दुखदायी छ, मृतकहरूमा श्रद्धाञ्जली अर्पण गर्दछु," विज्ञप्तिमा उल्लेख छ । घाइतेहरूलाई शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दै उहाँले विरोध प्रदर्शन क्रममा भएको धनजनको ठूलो क्षतिप्रति गम्भीर चिन्ता प्रकट गर्नुभएको छ ।

कांग्रेसले लोकतन्त्र र संविधानप्रती प्रतिबद्ध अन्य दलहरूसँग तत्काल संवाद गर्न आवश्यक रहेको जनाएको छ । शान्ति, सुरक्षा, संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रक्रियाको संस्थागत पुनःस्थापनाका लागि राष्ट्रपतिको अगुवाईमा हुने संवाद र पहलमा कांग्रेसले सक्रिय पहल गर्न आवश्यक रहेको जनाएको छ ।

मङ्गलबार देशभर भएको तोडफोड, आगजनी र हिंसात्मक गतिविधिहरू शान्तिपूर्ण लोकतान्त्रिक विरोधको मर्म र मान्यताबाट बाहिर गएको उल्लेख गर्दै पार्टीले देश, जनता र लोकतन्त्र प्रती प्रतिबद्ध नवयुवाहरूले अवश्य पनि यस्तो नचाहेका जनाएको छ ।

"कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाजस्ता लोकतन्त्रका आधारभूत स्तम्भहरूमा समेत आगजनी हुनु गम्भीर छ । म लगायत धेरैको घर निजी सम्पति, उधोगव्यावसाय, सञ्चारगृह लगायतमा भएको आगजनी, तोडफोड र लुटपाट अत्यन्त दुःखद् र निन्दनीय छ," उहाँले उल्लेख गर्नुभएको छ ।

यसले लगानिको वातावरणलाई पनि बिगारेको र क्षतिपूर्ती गर्न वर्षौं र ठूलो लगानी लाग्ने कांग्रेसको भनाइ छ । देश अहिले राजनीतिक शून्यता र कानुनी अनिश्चिततामा रहेको उल्लेख गर्दै प्रवक्ता डा महतले राष्ट्रपतिको समन्वयमा सुरक्षा निकायहरू सक्रिय भई शान्ति-सुरक्षा अमनचयन कायम हुन जरुरी रहेको उल्लेख गर्नुभएको छ ।

कानुनी शासनको विकल्प र लोकतन्त्रको विकल्प नभएको उल्लेख गर्दै उहाँले यस जटिल अवस्थामा पार्टीका सम्पूर्ण साथीहरू एकजुट भई आत्मविश्वास र भरोसा जगाउनु अपरिहार्य रहेको जनाउनुभएको छ । लोकतान्त्रिक प्रक्रियाको पुनःस्थापना र संरक्षणका लागि सबै फेरि सक्रिय हुन आवश्यक रहेको उल्लेख गर्दै उहाँले कांग्रेस लोकतन्त्रको लागि सबैभन्दा भरपर्दो शक्ति हो भन्ने कुनै दुविधा नरहेको स्पष्ट पार्नुभएको छ ।रासस

# ट्रम्पद्वारा मोदीको 'भारत-अमेरिका घनिष्ठ मित्र' सन्देश पोस्ट



**एएनआई**

वासिङ्टन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र अमेरिकाबीचको 'प्राकृतिक साझेदारी' लाई जोड दिनुभएलगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार (स्थानीय समय) आफ्नो सामाजिक मिडिया प्लेटफर्म ट्रुथ सोसलमा मोदीको सन्देश पुनः पोस्ट गर्नुभएको छ ।

हालै अमेरिकाले भारतीय सामानमा ५० प्रतिशत कर लगाएका कारण बढेको आर्थिक अनिश्चितताबीच दुवै मुलुकले व्यापार अवरोध समाधानका लागि वार्ता गरिरहेको ट्रम्पले बताउनुभएको छ ।

यसअघि, ट्रम्पको पोस्टको जवाफमा प्रधानमन्त्री मोदीले एक्समा लेख्नुभएको थियो, "यी वार्ताले भारत-अमेरिका साझेदारीको असीम सम्भावना अनलक गर्नेछ ।"

मोदीले भन्नुभएको छ, "भारत र अमेरिका घनिष्ठ मित्र र स्वाभाविक साझेदार हुन् । हाम्रो व्यापार वार्ताले असीम सम्भावना खोल्नेछ । हाम्रा टोलीहरूले छलफल चाँडै टुङ्ग्याउन काम गरिरहेका छन् । म राष्ट्रपति ट्रम्पसँग कुरा गर्न उत्सुक छु । हामी दुवै देशका जनताका लागि उज्यालो भविष्य बनाउन सँगै काम गर्नेछौं ।"

ट्रम्पले पनि ट्रुथ सोसलमा आफ्नो पोस्टमा भन्नुभएको थियो, "भारत र अमेरिकाले व्यापार अवरोध सम्बोधनका लागि वार्ता जारी राखेका छन् । म आगामी हप्ताहरूमा मेरो असल मित्र, प्रधानमन्त्री मोदीसँग कुरा गर्न उत्सुक छु । हामी दुवै महान देशहरूका लागि सफल निष्कर्षमा पुग्न कठिनाई हुनेछैन ।"

यो टिप्पणी उहाँले केही दिनअघि भारत-अमेरिका सम्बन्धलाई 'धेरै विशेष' भन्दै मोदीलाई आफ्नो स्थायी मित्र भएको र 'चिन्ता गर्ने कुनै कुरा छैन' भनेको कुरालाई थप पुष्टि गरेको हो ।

गत शुक्रबार (स्थानीय समय) ह्वाइट हाउसमा पत्रकार सम्मेलनमा एएनआईको प्रश्नको जवाफमा ट्रम्पले भन्नुभएको थियो, "म सधैं मोदीको साथी हुनेछु । उहाँ महान् प्रधानमन्त्री हुनुहुन्छ । अहिलेका केही कदमहरू मलाई मन परेको छैन, तर भारत-अमेरिका सम्बन्ध विशेष छ । चिन्ता गर्ने कुरा छैन, केवल कहिलेकाहीँ यस्तो क्षण आउँछ ।"

दुवै नेताको सकारात्मक अभिव्यक्तिले सेयर बजारमा पनि उत्साह देखिएको छ । भारतीय बजारले सामाजिक सञ्जालमा आदानप्रदान भएका आशावादी सन्देशहरूको समर्थनमा वृद्धि कायम राखेको छ ।

# पृथ्वीबाहिर पनि जीवहरू हुन सक्छन् तर उनीहरूसँग हाम्रो कहिल्यै भेट नहुन सक्छ

**बीबीसी**

काठमाण्डु । राति आकाशतिर फर्किएर चम्किला ताराहरूलाई हेर्दै तपाईं आफैंलाई सोध्नुहोस् - जानेर जानिनसक्नु यो विशाल ब्रह्माण्डमा हामी मात्रै छौं त?

सम्भवतः यो ब्रह्माण्डमा अरू जीवहरू पनि हुन सक्छन्। अपरिमित ब्रह्माण्डमा भएका खर्बौं खगोलपिण्डमध्ये पृथ्वी एउटा हो। यहाँ हामी मात्र छौं होला र? सुव्यवस्थित वातावरण भएको पृथ्वीभन्दा बाहिर पनि जीवको अस्तित्वको सम्भावनाबारे हामीलाई के थाहा छ?

'एलिअन' अर्थात् पृथ्वीबाहिर अन्य लोकमा रहेका हुन सक्ने अनुमान गरिएका जीवहरूको अस्तित्व पुष्टि गर्नका लागि स्पष्ट प्रमाण हामीसँग नभए पनि ती वास्तवमै अस्तित्वमा रहेको हुन सक्ने निष्कर्षमा धेरै विज्ञहरू पुगेका छन्। हाम्रो आकाशगङ्गा अनुमानित २०० अर्ब तारामण्डलमध्ये एउटा हो। यसमा झन्डै ३०० अर्बवटा तारा छन्। सूर्य पनि एउटा तारा हो। पृथ्वी ग्रहमा जीवनको उत्पत्ति हुनुको मुख्य श्रेय सूर्यलाई दिइन्छ। वैज्ञानिकहरू ताराहरूलाई परिक्रमा गर्ने ग्रहहरू निरन्तर रूपमा पत्ता लगाउँदै छन्। त्यस्ता ग्रहलाई बाह्यग्रह भनिन्छ। "हामी त्यहाँ जीवको अस्तित्वे छ भन्ने कुरामा निकै विश्वस्त छौं," अन्तरिक्ष वैज्ञानिक डा म्यागी एडरिन-पोकक भन्छिन्। "यो नितान्त गणनाको खेल हो। यो सम्भावनाको संसार हो।"

आधुनिक प्रविधिको सहयोगमा हामी ती बाह्यग्रहबारे धेरै कुरा थाहा पाउन सक्छौं। आआफ्ना तारालाई परिक्रमा गर्ने ती खगोलपिण्डको रासायनिक संरचना पत्ता लगाउन अहिले वैज्ञानिकहरू सक्षम छन्। ताराबाट उत्सर्जित प्रकाश ती ग्रहमा प्रवेश गर्दा त्यसको रासायनिक संरचना जाँच्नका लागि निकै शक्तिशाली दूरबिनहरू प्रयोग गरिन्छ। त्यो विधिलाई स्पेक्ट्रोस्कपी भनिन्छ। अन्यत्र कतै पृथ्वीको जस्तै रासायनिक संरचना फेला पर्नुको अर्थ त्यहाँ पृथ्वीको जस्तै वातावरण पनि हुनु हो। सम्भवतः लाखौं प्रकाशवर्ष टाढा जैविक अस्तित्व सहज हुने परिस्थिति हुन सक्छ।अहिलेसम्मका सङ्केतहरू उत्साहप्रद छन्।

"हामीले बस्नयोग्य सम्भावना भएका सयौं ग्रह चिनेका छौं," यूकेस्थित यूनिभर्सिटी अफ म्यान्चेस्टरमा एस्ट्रोफिजिक्सका प्राध्यापक टिम ओ'ब्रायन भन्छन्। "आगामी दशकतिर हामी पक्का पनि जीवको अस्तित्व भएको प्रमाण भएको कुनै ग्रह फेला पार्न सक्छौं।"सबैभन्दा विश्वासिलो प्रमाण चाहिँ पृथ्वीमै देखिन्छ। जीवहरूका लागि निकै प्रतिकूल मानिएका, उदाहरणका लागि, समुद्रभित्र निकै गहिराइमा प्रकाश नै नपुग्ने र तातो नै नहुने ठाउँहरूमा पनि प्राणीहरू फेला परेका छन्।

ताराबाट निश्चित दूरीमा अवस्थित ग्रहमा मात्र जीवहरूको अस्तित्व हुन सक्ने मान्यता पहिला थियो। पृथ्वीमा निकै विषम स्थानमा पनि जीवहरू फेला परेपछि हाम्रो आँखा खुलेको छ। अहिले ग्रहहरूमा मात्र नभई चन्द्रमा अर्थात् उपग्रहहरू पनि जीवहरूका लागि अनुकूल हुन सक्ने ठानिन्छ।

त्यसको अर्थ ती जीवहरू मान्छेले कल्पना गरेर कथा वा चलचित्रमा देखाए जस्ता हरिया हुन्छन् भन्ने होइन, ती स्थानमा जीवन हुन सक्छ भन्ने मात्र हो।

विज्ञहरू बाह्य संसारमा जीवहरू हुन सक्ने सम्भावना निकै उच्च भए पनि ती कति बुद्धिमान् छन् भन्ने निर्क्योल गर्न अहिले कठिन मात्र नभई असम्भवप्रायः ठान्छन्। "पृथ्वीमा जीवहरूको सृष्टि भएपछि अधिकांश समय निकै साधारण जीवहरू थिए। वास्तवमा अर्बौं वर्षसम्म ब्याक्टेरिया (एककोषीय सूक्ष्मजीवहरू) मात्र थिए," प्राध्यापक ओ'ब्रायन भन्छन्।

अप्रत्याशित घटनाहरूको शृङ्खलाले पृथ्वीमा बहुकोषीय जीवहरू उत्पन्न भए। बाह्यलोकीय जीवसँग सम्पर्क स्थापित गर्नका लागि चाहिँ ती शारीरिक र प्राविधिक रूपमा निकै उन्नत स्वरूपमा भएको हुनुपर्छ। यो ब्रह्माण्डमा हामी मात्र छैनौं भने के बाह्य लोकमा बस्ने जीवहरूसँग हाम्रो भेट पृथ्वीमा हुन सम्भव छ? हामीलाई खुलखुदी लाग्न सक्छ। तर यो निकै जटिल प्रश्न हो।

कुनै जीव एउटा तारामण्डलबाट अर्को तारामण्डलसम्म पुग्ने स्थिति आएन भनेर पत्याउन निकै कठिन छ। तर अहिलेसम्म त्यसो किन भएन होला त?"हाम्रो सबैभन्दा ठूलो समस्या के हो भने हामीसँग जीवनको एउटा मात्र उदाहरण छ, अनि त्यो पृथ्वीमा भएको जीवन हो," डा एडरिन-पोकक भन्छिन्।

तर ब्रह्माण्डमा अन्यत्र हुबहु त्यस्तै हुन्छ भन्ने छैन। उदाहरण दिँदै पोकक भन्छिन्, "यदि तपाईं निकै सक्रिय तारानजिकै बस्नुहुन्छ भने तपाईं सम्भवतः जमिनमुनि हुन सक्नुहुन्छ...। अन्यत्र बुद्धिमान् प्राणी छैनन् भन्ने होइन तर तपाईंसँग उनीहरूसँग सम्पर्क गर्ने उपाय नहुन सक्छ, किनभने जमिनमुनि बस्नुहुन्छ।" अथवा हामीले बोल्ने भाषा र प्रयोग गर्ने प्रविधि भिन्न हुने सम्भावना प्रबल भएकाले पनि त्यसो हुन सक्छ।

"बाह्यलोकीय सभ्यताबाट आएका सम्भावित सङ्केतहरू ठम्याउन हामीले सन् १९६० देखि रेडिओ टेलिस्कोपहरू प्रयोग गरेका छौं," प्राध्यापक ओ'ब्रायन भन्छन्। यद्यपि जीवहरूले सङ्केत पठाउने यति धेरै तरिका हुन सक्छन् कि हामीले ती कहिल्यै पनि नसुन्न वा पत्ता नलगाउन सक्छौं।

ब्रह्माण्डमा भएका अरू जीव र हामी समान तरङ्गमा रहेछौं भने पनि हामीबीच ठूलो दूरी भएकाले सन्देशहरू पठाउन र तिनलाई प्राप्त गरेर प्रतिक्रिया दिन हजारौं वर्ष लाग्न सक्छ। (अहिले चिठी पठाएर सन्देश आदानप्रदान गर्न कति समय लाग्छ भन्ने कल्पना गर्नुहोस् त!)

यूनिभर्सिटी अफ क्यालिफोर्नियामा सञ्चालित 'ब्रेकथ्रू लिसन' परियोजनामार्फत् अहिले वैज्ञानिकहरू नजिकैका लाखौं ताराहरूको खोजीमा लागेका छन्। उनीहरू कतै न कतै सम्पर्क गर्न सकिने र कुनै न कुनै सन्देश पृथ्वीमा फिर्ता आउने आशामा छन्।

उनीहरूको ध्यान हाम्रो आकाशगङ्गा 'मिल्की वे'को मध्यभागतिर पनि छ। उक्त स्थान पृथ्वीबाट २५,००० प्रकाशवर्षको दूरीमा छ। त्यसको अर्थ के हो भने त्यहाँ भएको कुनै ताराबाट पठाइएको सन्देश पृथ्वीसम्म आइपुग्न झन्डै २५,००० वर्ष नै लाग्छ।तसर्थ बाह्य लोकमा जीवहरू छन् भने पनि उनीहरूले पठाएको सन्देश पाउनै हजारौं वर्ष कुर्नुपर्ने हुन्छ। निकट भविष्यमा आकाशगङ्गाबाहिर यात्रा हुने सम्भावना छँदै छैन।



हामी प्रकाशको गतिमा रेडिओ तरङ्गहरू पठाउन सक्षम छौं। तर त्यो अन्तरिक्षको शून्यतामा प्रसारित हुने रेडिओ तरङ्ग मात्र हो। हामीसँग भएको कुनै अन्तरिक्षयान एउटा ताराबाट अर्को तारामा जान सक्दैन। यदिमा हामी 'ईथर'मा कुनै भौतिक वस्तु -- प्रोब वा मानव नै पनि -- पठाउन चाहन्छौं भने त्यो कार्य निकै चुनौतीपूर्ण हुन्छ।

यदि मानवसभ्यताले त्यसो गर्न सकेन भने अरू लोकवासीले पनि गर्न सक्ने सम्भावना नभएको विज्ञहरू ठान्छन्। अनि उनीहरूसँग पृथ्वीको यात्रा गर्न सक्ने प्रविधि रहेछ भने पनि हामीले के सोच्नुपर्छ भने उनीहरूले त्यसो गर्नै नचाहेका पनि हुन सक्छन्।

यहाँ भाग्य र संयोगको कुरा पनि आउँछ। मानवसभ्यता कति नै पुरानो हो र? पृथ्वीमा ३.५ अर्ब वर्षदेखि प्राणीहरू भएको विश्वास गरिन्छ भने आधुनिक मानवजातिको प्रादुर्भाव ३ लाख वर्षअघि मात्र भएको हो। सभ्यता तीव्र गतिमा मासिन सक्ने भएकाले मानवजातिले बाह्य लोकसँग सम्पर्क गर्न सक्ने समयावधि निकै छोटो हुन्छ। हामीलाई एलिअनहरूले पृथ्वीको भ्रमण गरेका थिए कि थिएनन् भन्ने कुरा थाहा छैन। तर मानवजातिको उत्पत्ति भएपछि उनीहरू यहाँ नआएका हुन सक्छन् भन्ने चाहिँ हामी स्पष्ट रूपमा भन्न सक्छौं।

"यदि सभ्यताहरू एकै कालखण्डमा रहेनछन् भने हाम्रो भेट बाह्य संसारका निवासीहरूसँग कहिल्यै नहुन सक्छ," डा म्यागी एडरिन-पोकक भन्छिन्।उनीहरू धेरै अघि पृथ्वीमा आएका पनि हुन सक्छन्। अथवा उनीहरू भविष्यमा आउन पनि सक्छन्, मानवजाति मासिएको निकै पछि।डाइनसोरको भेट उनीहरूसँग भएको पो थियो कि! हामीले त्यो कुरा थाहा नपाउने सम्भावना छ।

# भारत–पाकिस्तान तनावका कारण राज्यविहीन बनेका 'भारतीय नागरिक'का छोरीहरू


**बीबीसी**

काठमाण्डु । पाकिस्तानी नागरिकता त्याग गरेको प्रमाणपत्र पेस गर्न नसक्दा भारतीय नागरिक बन्न चाहिरहेका दुई दिदीबहिनी अहिले राज्यविहीन बन्न पुगेका छन्।सन् २००८ देखि भारतको केरलामा बस्दै आएका दिदीबहिनीले सन् २०१७ मै भारतस्थित पाकिस्तानी उच्चायुक्तको कार्यालयमा राहदानी बुझाइसकेको एउटा अदालतलाई बताएका छन्।

तर पाकिस्तानी नागरिकता त्याग्नका लागि न्यूनतम उमेर २१ वर्ष हुनुपर्ने व्यवस्था भएकोमा त्यति बेला उनीहरू त्यसभन्दा कम उमेरका रहेका भन्दै उच्चायुक्तको कार्यालयले प्रमाणपत्र नदिएको दिदीबहिनीले उल्लेख गरेका छन्। त्यसपछि २१ वर्ष पुगेपश्चात् उनीहरू फेरि उच्चायुक्तको कार्यालयको ढोका ढक्ढक्याउन पुगे, तर कुनै कारण नै नखुलाई कार्यालयले प्रमाणपत्र दिन अस्वीकार गरेको निवेदकद्वयकी आमा रशीदा बानोले बताइन्। उनका छोरीहरूले सञ्चारमाध्यमसँग कुरा गर्न चाहेनन्।

रशीदा बानो र उनका छोरा भारतीय नागरिक बनिसकेका छन्। तर छोरीहरूको समस्या सम्बोधन हुन नसकेको उनले गुनासो गरिन्। राहदानीका लागि समेत आवेदन दिन नसक्ने भएर उक्त अवस्थाले आफ्ना छोरीहरूको जीवनमा गम्भीर असर परेको उनले बताइन्। दिल्लीस्थित पाकिस्तानी उच्चायुक्त कार्यालयसँग बीबीसीले प्रतिक्रिया मागे पनि अहिलेसम्म जवाफ पाइसकेको छैन।भारत र पाकिस्तानबीच तिक्ततापूर्ण सम्बन्ध रहँदै आएको छ, जुन बेलाबखत द्वन्द्वमा पनि परिणत हुने गरेको छ।उदाहरणका लागि यसै वर्षको मेमा दुई देशबीच चार दिनसम्म सैन्य द्वन्द्व भयो।

तर आप्रवासन असामान्य चाहिँ होइन, खास गरी सन् १९४७ मा भारत विभाजनका बेला दुईतर्फ बाँडिएका परिवारका सदस्यहरूका हकमा।पछिल्ला केही दशकहरूमा भने कागजपत्रमा कडाइ गरिएपछि नागरिकता लिने प्रक्रिया कठिन हुँदै गएको छ।सन् २०२१ को डिसेम्बरसम्म सात हजार जनाभन्दा बढी पाकिस्तानी नागरिकहरूको नागरिकता आवेदन अनिर्णीत रहेको भारत सरकारले संसद्मा प्रस्तुत गरेको तथ्याङ्कले देखाउँछ।




नागरिकता त्यागेको प्रमाणपत्र पाकिस्तानी उच्चायुक्तको कार्यालयले उपलब्ध नगराएपछि आफ्ना छोरीहरूले राहदानी फिर्ता गर्न माग गर्दा त्यो पनि नपाएको आमा रशीदा बानोले बताइन्। ती दिदीबहिनीसँग उनीहरूले पाकिस्तानी उच्चायुक्तको कार्यालयबाट सन् २०१८ मा प्राप्त एउटा पत्र छ, जसमा उनीहरूले भारतीय नागरिकता पाएमा पाकिस्तानलाई कुनै आपत्ति नहुने उल्लेख छ।

तर भारतीय अधिकारीहरूले त्यसलाई नागरिकता त्याग प्रमाणपत्रको रूपमा मान्न अस्वीकार गरेपछि दिदीबहिनीहरू अदालतको ढोका ढक्ढक्याउन पुगेका हुन्। गत वर्ष केरला उच्च अदालतको एकल इजलासले निवेदकहरूले कागजपत्र जुटाउन नसक्ने स्पष्ट देखिएको भन्दै उनीहरूको पक्षमा आदेश दिएको थियो।"असम्भव कुरा गर्न उनीहरूलाई आदेश दिएजस्तो हुन्छ," दिदीबहिनीलाई नागरिकता दिन भारतीय सरकारलाई आदेश दिँदै अदालतले भनेको छ।

तर सङ्घीय गृह मन्त्रालयले त्यसविरुद्ध निवेदन दियो र यसै वर्षको अगस्ट २३ तारिखमा सोही अदालतको संयुक्त इजलासले अघिल्लो आदेशलाई उल्टाइदियो।"भारतीय नागरिक हुनका लागि अरू देशको सरकारबाट सोही प्रकृतिको दाबी नहुने गरी भारतले पहिचान गरेको हुनुपर्छ," अदालतले भनेको छ।"औपचारिक त्याग प्रक्रिया एउटा संयन्त्रको रूपमा रहेको छ, जसले यो कानुनी स्पष्टतालाई सुनिश्चित गर्छ," उसले अगाडि भनेको छ।

केरला अदालतको आदेशविरुद्ध माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने विकल्प चाहिँ ती दिदीबहिनीहरूसँग छ। पाकिस्तानको नियमानुसार २१ वर्षमुनिका नागरिकले अभिभावकबिना स्वतन्त्र रूपमा नागरिकता त्याग्न पाउँदैनन्, यद्यपि अभिभावकले नागरिकता त्यागका लागि दिने आवेदनमा चाहिँ सन्तानहरूको नाम समावेश गर्न पाइन्छ।

ती दिदीबहिनीका बुवा मोहम्मद मारूफ केरलामा जन्मिएका हुन्, तर नौ वर्षको उमेरमा टुहुरो भएपछि उनकी हजुरआमाले उनको लालनपालन गर्न थालिन्।सन् १९७७ मा पाकिस्तान बसाइँसराइ गर्दा उनले नातिलाई आफूसँगै लिएर गइन्।रशीदा बानोका अनुसार उनका आमाबुवा पनि भारतीय नागरिक नै थिए, तर सन् १९७१ मा आफन्तलाई भेट्न पाकिस्तान गएका बेला दुई देशबीच युद्ध सुरु भएर सीमा बन्द गरिएपछि उनीहरू त्यतै फस्न पुगे।

त्यसको महिनौंपछि पनि स्वदेश फर्कन नसकेपछि उनीहरूले पाकिस्तानी नागरिकताका लागि आवेदन दिन सहज देखे। त्यसको केही वर्षपछ रशीदाको जन्म भयो।चार सन्तानका आमाबुवा रशीदा र मारूफ लामो अवधिको भिसा लिएर सन् २००८ मा आफ्नो "मूल थातथलो" भारतको एकदम नजिक पुगे। तर भारतमा भिज्न गाह्रो भएर मारूफ चाँडै पाकिस्तान नै फर्किए।रशीदा र २१ वर्षमाथिका उनका छोराले बिस्तारै भारतीय नागरिकता प्राप्त गरे।

रशीदाका अनुसार पाकिस्तानी कागजपत्र पेस गर्दा उनको परिवारले सामाजिक पूर्वाग्रहको सामना गर्नुपर्‍यो, तर काम गर्नुको कुनै विकल्प उनीहरूसँग भएन- छोरीहरूको हकमा भने त्यो हुन सकेन। यद्यपि मोबाइलको सिम कार्ड लिन होओस् अथवा विद्यालयमा भर्नाका लागि- ससाना कामका लागि समेत कठिनाइ झेल्नुपरेको उनले बताइन्।

बिस्तारै अधिकारीहरूले ती दिदीबहिनीलाई आधारकार्ड लिन सक्ने अनुमति दियो। भारतमा आधारकार्डले पहिचानपत्रको रूपमा काम गर्छ।यद्यपि आधारकार्डलाई नागरिकताको प्रमाणका रूपमा लिइँदैन, जसका कारण उनीहरूले आधारभूत अधिकार समेत पाउन सकेका छैनन्।

राहदानी नभएर आफ्ना छोरीहरूको जीवन नै प्रभावित बनेको रशीदा बानो बताउँछिन्। दिदीबहिनीमध्ये एकका श्रीमान्ले खाडी मुलुकको जागिर नै छोडे किनकि उनले आफूसँग श्रीमतीलाई लिएर उनी जान पाएनन्।अर्की छोरीको छोरा (रशीदाका नाति) लाई उपचारका लागि बाहिर लैजानुपर्ने भए पनि लैजान सकिएको छैन।

"नाबालिग भन्दै सन् २०१७ मा दिदीबहिनीले नागरिकता त्यागेको प्रमाणपत्र पाएनन्। अहिले उनीहरू वयस्क भइसके, पाकिस्तान जान पाउँदैनन् किनकि उनीहरूले आफ्ना राहदानी बुझाइसकेका छन्। उसो भए प्रमाणपत्र कसरी पाउने छन्?" उनीहरूका वकिल एम ससीन्द्रन भन्छन्। "उनीहरू अहिले यता न उताका भएका छन्।"

# जलवायु परिवर्तनको चुनौतीमा अफ्रिका एकजुट

**सिन्ह्वा**

एडीस अबाबा । अफ्रिकी नेताहरूले सोमबार अफ्रिकाको भूमिकालाई पुनः परिभाषित गर्दै, यसलाई विश्वव्यापी जलवायु क्रियावलीमा एक महत्त्वपूर्ण र सकारात्मक योगदान पुर्याउने कन्दीलको रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता ओल्याउनुभएको छ ।

यो महत्त्वपूर्ण आह्वान अफ्रिकी नेताहरूले दोस्रो अफ्रिका जलवायु सम्मेलनको क्रममा गरेका थिए, जुन एथियोपियाको राजधानी एडीस अबाबामा सोमबारदेखि बुधवारसम्म आयोजित भएको थियो। सम्मेलनको विषय "वैश्विक जलवायु समाधानलाई तीव्रता दिनुः अफ्रिकाको लचिलो र हरित विकासको लागि वित्तपोषण" रहेको थियो।

सम्मेलनमा अफ्रिकी नेताहरूले नवीकरणीय ऊर्जा, जलवायु अनुकूलन, हरित वृद्धि र प्रकृति-आधारित लचिलोपन जस्ता क्षेत्रहरूमा अफ्रिका-प्रेरित समाधानहरूको अपार सम्भावनालाई प्रस्तुत गर्दै महादेशको भविष्यलाई सुरक्षित र हरित बनाउनको लागि साझा प्रयासको आवश्यक्ता जोड दिनुभयो।

एथियोपियाका प्रधानमन्त्री, अबी अहमदले सम्मेलनमा अफ्रिकी नेताहरूसँग अफ्रिकी जलवायु नवप्रवर्तन कम्प्याक्ट सुरु गर्ने प्रस्ताव राख्नुभयो। यो एक महाद्वीपीय साझेदारी हुनेछ जसमा अनुसन्धान संस्थाहरू, नेतृत्व, स्टार्टअप, ग्रामीण समुदायहरू र नवप्रवर्तकहरूलाई एकजुट गर्न मद्दत पुर्याउनेछ। उहाँले भन्नुभयो, "सही साझेदारी र लगानीका साथ, अफ्रिका विश्वव्यापी जलवायु संकटको समाधानमा नेतृत्व गर्न सक्छ।"

उहाँले थप्नुभयो,"अफ्रिका यो संकटको कारण बनेको छैन, तर अफ्रिका यसलाई समाधान गर्न नेतृत्व गर्न सक्छ। हामीसँग माटोको पुनःस्थापना, कार्बन समात्ने र हरित र सफा उर्जा उत्पादनका लागि समाधानहरू छन्। हामीलाई थाहा छ के गर्नुपर्छ।" उहाँले एथियोपियाको आफ्नै जलवायु क्रियावलीका सफल उदाहरण प्रस्तुत गर्दै, २०१९ मा शुरू गरिएको ग्रीन लेगेसी पहलअन्तर्गत ४८ अर्ब बिरुवा रोपिएको र महत्त्वपूर्ण हरित पूर्वाधार विकास योजनाहरूको सफलता र भविष्यको मार्गनिर्देशन गर्नुभयो।



प्रधानमन्त्री अबीले प्रस्ताव गर्नुभएको जलवायु नवप्रवर्तन कम्प्याक्टमा पाँच मुख्य स्तम्भहरू समावेश छन्ः नवप्रवर्तन खोज, वित्तपोषण, ज्ञान विकास, नीति निर्माण र सार्वजनिक सहभागिता। यस कम्प्याक्टको उद्देश्य २०३० सम्म एक हजार अफ्रिकी जलवायु समाधानहरूको कार्यान्वयन गर्नु हो, जसले अफ्रिकी नेतृत्व, वैश्विक साझेदारी र निजी क्षेत्रको लगानीलाई सँगै ल्याउने अपेक्षा गरिएको छ।

केन्याका राष्ट्रपति, विलियम रुटोले अन्तर्राष्ट्रिय जलवायु क्रियावलीका प्रतिबद्धताहरू घट्दै गएको र अफ्रिकालाई "विश्व अर्थतन्त्रमा यसको उचित स्थान" प्राप्त गर्नको लागि तात्कालिक कदम चाल्नुपर्ने महत्त्वपूर्ण आवश्यकता औंल्याउनुभयो। उहाँले भन्नुभयो, "आज जलवायु क्रियावलीलाई अन्य प्राथमिकताहरूको कारण पृष्ठभूमिमा राखिएको छ र विकास सहायतामा कमी आएको छ। यसै कारण, अफ्रिकाले अब एकजुट भएर देखाउनुपर्नेछ कि सहकार्यले सबैका लागि समृद्धि र शान्ति ल्याउँछ।"

राष्ट्रपति रुटोले थप्नुभयो,"अफ्रिकाले सकारात्मक वृद्धि हासिल गर्नको लागि दुवै कदमहरू अवलम्बन गर्नु आवश्यक छ। अफ्रिकाले आफ्नो एजेन्सी तत्काल र एकजुट रूपमा प्रयोग गर्नुपर्छ, र अन्तर्राष्ट्रिय प्रणालीले अफ्रिकालाई रोक्ने संरचनात्मक अवरोधहरू हटाउनुपर्छ।"सम्मेलनमा अफ्रिकी नेताहरूले वैश्विक वित्तीय संरचनामा सुधारको आह्वान गरेका थिए र अफ्रिकाको लचिलो र हरित विकासलाई तीव्रता दिनका लागि अनुदान-आधारित वित्तीय प्रवाह र लगानी प्रतिबद्धताहरूको आवश्यकता व्यक्त गरे।

अफ्रिकी संघ आयोगका अध्यक्ष, महमूद अली युसुफले भने, "हामीलाई हाम्रो महादेशको अनुकूलन योजनाहरूको कार्यान्वयनको लागि वास्तविक र अर्थपूर्ण सहकार्यको आवश्यकता छ, जसमा वित्तीय स्रोतहरू, प्रौद्योगिकी र विशेषज्ञता प्रदान गर्न आवश्यक छ।" उहाँले "न्यायपूर्ण, महत्त्वपूर्ण र पूर्वानुमान योग्य" वैश्विक जलवायु वित्तको आवश्यकता औंल्याउनुभयो र भन्नुभयो कि अफ्रिका जलवायु परिवर्तनका कारण अत्यधिक प्रभावित भइरहेको र ऋण बोझ र अन्तर्राष्ट्रिय वित्तीय संरचनाका असमानताहरूलाई जलवायु न्याय मार्फत सुधार गर्न आवश्यक छ।

यो सम्मेलन, जसको सह-आयोजन अफ्रिका संघ र एथियोपिया सरकारको सहयोगमा भएको हो, अफ्रिका महादेशका प्रमुख जलवायु सम्वन्धी वार्ता र रणनीतिक छलफलहरूको प्रमुख मञ्च बनेको छ। यस सम्मेलनमा अफ्रिकी राष्ट्रपति, मन्त्री, कूटनीतिज्ञ, विशेषज्ञ र अन्तर्राष्ट्रिय साझेदारहरूको प्रमुख प्रतिनिधिहरू एकत्रित भएका थिए, जसले महादेशको साझा जलवायु भविष्यको दिशानिर्देश तय गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउनुभयो ।

# मानसरोवर र कैलाश दर्शन गर्न जाने विदेशी तीर्थयात्री बढे



सिमकोट । हुम्ला हुँदै हिन्दूहरुको पवित्र तीर्थस्थल मानसरोवर र कैलाश दर्शन गर्न जाने विदेशी तीर्थयात्री बढेका छन् । नेपाल र चीनबीचमा पर्ने हुम्लाको हिल्सा नाका गत वैशाख १८ गते सञ्चालनमा आएपछि विदेशी पर्यटकको चाप बढेको हो ।

**जेठदेखि भदौसम्म नेपालगञ्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय र अन्य देशका पाँच हजार ८४२ जना पुगेका छन् । जसमा भारतीय तीर्थयात्री पाँच हजार ५१७ र अन्य देशका ३२५ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर पोखरेलले बताउनुभयो ।**

जेठदेखि भदौसम्म नेपालगञ्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय र अन्य देशका पाँच हजार ८४२ जना पुगेका छन् । जसमा भारतीय तीर्थयात्री पाँच हजार ५१७ र अन्य देशका ३२५ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर पोखरेलले बताउनुभयो ।

उहाँका अनुसार नाका सञ्चालनमा आएपछि मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ । मानसरोवर कैलाश दर्शनका लागि हुम्लाको बाटो छोटो पर्ने भएकाले पछिल्लो समय सिमकोट विमानस्थलमा भारतीय यात्रुको चाप देखिन थालेको छ ।

चीनले हिल्सा नाकालाई हुम्लाबासीसहित भारतीय पर्यटकहरुका लागि खुला गरेपछि धार्मिक पर्यटकहरुको संख्या बृद्धि भएको सिमकोट विमानस्थलमा कार्यरत दीपेन्द्र भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "मानसरोवर कैलाशको दर्शन गर्नका लागि हुम्लामा कोरोना संक्रमणपछिको यो ठूलो संख्या हो, भारतीय पर्यटक आउने क्रम निकै बढी छ ।"

उहाँका अनुसार मौसम अनुकुल भएको अवस्थामा दैनिक पाँचदेखि दश वटासम्म नेपालगञ्जबाट यहाँ उडान हुने गरेको छ । जसमा सीता, समिट र तारा एयरले उडान भर्दै आएका छन् । सिमकोट विमानस्थलबाट हिल्साका लागि बिभिन्न हेलिकप्टरले पर्यटकलाई सेवा दिइरहेका छन् ।

गत जेठमा मानसरोवर कैलाशको दर्शनका लागि पर्यटक आउन सुरु गरेका थिए । कतिपय पर्यटकहरु गाडीमार्फत हिल्सा हुँदै मानसरोवर पुग्ने गरेको हुम्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामबहादुर भण्डारीले बताउनुभयो । उहाँका अनुसार चार महिना यता सदरमुकाम सिमकोटसहित हिल्साका होटल पर्यटकले भरिभराउ छन् ।


जिल्लाको सिमकोट र नाम्खा गाउँपालिकाले हुम्ला पुगेका विदेशी पर्यटकबाट शुल्क समेत उठाउँदै आएको छ । रासस

# जेन्जी पुस्ताले पढ्दै पर्ने पुस्तक 'माँ बा'

काठमाण्डु । सकारात्मक सोचका धनी, नेपालको पर्यटन, सम्पदा र संस्कृतिका धरोहर तथा नेपाली साहित्यका सशक्त हस्ताक्षर कर्ण शाक्यको हालै बजारमा आएको नयाँ कृति'माँ र बा'ले नेपाली समाजको सजीव चित्रण गरेको छ । आत्मकथात्मक शैलीमा लेखिएको जीवन-अनुभवको सङ्ग्रह यस पुस्तकमा पछिल्लो समय आफूलाई जन्म दिने सन्तानहरुले बाबु आमाप्रति गरेको व्यवहार, रहर र बाध्यताका बीच विदेश जानु परेका छोराछोरीका पीडा र बाबु आमाबीचको वियोगको अवस्थालाई बढ्दो मार्मिक ढङ्गबाट लेखकले विश्लेषण गर्नुभएको छ । उहाँका यसअघिका सोच, खोजजस्ता १४ वटा पुस्तक जत्तिकै यस पुस्तकले पनि वाङ्मयमा आफूलाई स्थापित गर्नुको साथै सम्पूर्ण पाठकहरुलाई आआफ्ना घरका व्यथालाई स्मरण गराउँदै हरेक छोराछोरीलाई आफ्ना बाबुआमाप्रतिको दायित्वबोध गराउन पुस्तक सफल भएको छ ।

पुस्तकमा लेखकले आफ्ना व्यक्तिगत जीवनका उतार-चढाव, परिवारसँगको सम्बन्ध, सामाजिक मूल्य-मान्यता, बाल्यकालदेखि प्रौढ जीवनसम्मका अनुभव र विशेषगरी आमा बाबुप्रतिको सम्झना गरिरहँदा पाठकलाई गम्भीर भएर सोच्न बाध्य तुल्याउँछ । पुस्तकले आमाबाबुको स्नेह, माया र मार्गदर्शनले व्यक्तिको जीवनलाई कसरी प्रभावित गर्छ भन्ने कुरालाई छर्लङ बनाएको छ । आफ्नो व्यक्तिगत सङ्घर्ष, समाजसेवा र जीवन दर्शनलाई पनि पुस्तकको शुरुदेखि अन्त्यसम्म सिलसिलाबद्ध ढङ्गबाट पुस्तुत गराउन सक्नुले लेखकको लेखकीय क्षमतालाई पुनःस्थापित गरेको छ । नेपाली संस्कृतिमा आमा बाबुलाई भगवान सरह मान्ने परम्परागत मूल्यहरूको व्याख्या गर्दै सन्तानलाई पूर्वीय सभ्यताअनुसार जन्म दिने बाबुआमाप्रति कृतज्ञ गराउन खोजिएको छ ।

पुस्तकमा व्यक्त विचार भावनात्मक मात्र नभई प्रेरणादायी पनि छन् । यसमा उहाँले आफ्ना बाल्यकालका अनुभवदेखि जीवनमा आइसकेका सङ्घर्ष र उपलब्धिलाई आमा बाबुबाट सिकेको शिक्षासँग जोडेर प्रस्तुत गर्नुभएको छ । आमा बाबुको स्नेह, अनुशासन र संस्कारले जीवनलाई कसरी




सही बाटोमा अघि बढाउँछ भन्ने कुरालाई पुस्तकले राम्ररी शिक्षा दिन सकेको छ । आफ्नो जीवनका कठिन क्षणहरूमा पनि आमा बाबुको सम्झना, आशीर्वाद र शिक्षाबाट प्राप्त ऊर्जाले नै आफूलाई सफल व्यक्ति बनाउन सकेको उहाँको निस्कर्ष छ । नेपाली समाजमा आमा बाबुलाई भगवान सरह मान्ने परम्परागत मूल्यलाई लेखकले आधुनिक दृष्टिकोणबाट व्याख्या गर्दै समाज र संस्कृतिलाई राम्रोसँग जोड्नु भएको छ । व्यक्तिगत सङ्घर्ष, पारिवारिक सम्झना, शिक्षा र जीवनदर्शनलाई प्रेरणादायी ढङ्गले प्रस्तुत गरिएको यस पुस्तक व्यक्तिगत कथामा मात्र सीमित छैन, नेपाली समाजको वर्तमान अवस्थालाई सुक्ष्म रूपमा केलाइएको छ ।

जीवनको निरन्तर यात्रामा आरोह-अवरोहबीच सधैं सपना देख्ने र अन्धकारमा पनि उज्यालो खोज्दै अघि बढ्न सक्ने क्षमता राख्नुहुने कर्ण शाक्यले पुस्तकमा लेख्नुभएको छ, 'मैले धेरै सोचें, भने, बोलें, लेखैं, र लेखेको कुरा पूरा पनि गरैं । केही स्मृतिमा हराए, यद्यपि सपना देख्न कहिल्यै रोकिनँ ।' यही भुटभुटीले नै उहाँले ८४ वर्षको उमेरमा पनि पुस्तक लेख्न प्रेरित गऱ्यो । जीवनको उत्तरार्द्धमा फर्केर हेर्दा, आफूले नसोचेको कल्पनाभन्दा बढी उपलब्धि हासिल गरेको, सन्तुष्टि पाएको र यसले औसत मान्छे हुँदाहुँदै आफूलाई महानायक अनुभूति भएका बेला आउने अहंकार वा स्वाभिमानले पनि अविचलित रहनसक्ने खुवि राख्नुहुन्छ उहाँ । आफ्नो सफलताको अन्तरात्माले एक्स-रे गरेर हेर्दा सफलताको गहिरो जग त मेरी आमा र बाबु पो रहेछन् भन्ने बोध भएपछि नै उहाँहरुप्रतिको जिम्मेवारी बोधले नै आफूलाई पुस्तक लेख्न प्रेरित गरेको शाक्य बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जसरी जग देखिँदैन, भवन मात्र देखिन्छ । जति भवन अग्लो हुन्छ, त्यति नै जग गहिरो र बलियो हुनुपर्छ । आमाले जन्म दिनुभयो, बाबाले कर्म । तर आमाबाबुलाई सन्तानले के दियौं ? यही प्रश्नले मलाई यो पुस्तक लेख्न घचघच्यायो । अतः मलाई जन्म दिने आमा र बाबुलाई अक्षरको कुन्जमा अमर बनाउन चाहें ।'

पुस्तकमा उहाँको तीन पुस्ताको उद्यमशीलताको जिउँदो गाथाले सङ्घर्षदेखि सफलता, निराशाबाट आशा र विचारबाट उपलब्धिको सकारात्मक यात्रा तय गरेको छ । अठार वर्षको कलिलो उमेरमै बाबा स्वर्गारोहण भएकाले पितृत्वको अधुरो माया मात्रै पाउनु भएका उहाँका सपनामा प्रायःआइरहने बुबाको दृश्यले उहाँलाई पितृबोध मात्र गराएन, विदेशमा रहेका ८५ लाख नेपालीका बाबुआमाको सपनासँगै खोसिएका खुशीहरुलाई कसरी फर्काउन सकिन्छ भन्ने हुटहुटीले पनि सताएको पाइन्छ । आफ्ना जरा, संस्कार र सम्बन्धप्रतिको सम्मान भावनालाई उजागर गर्ने प्रयासस्वरुप पाणिनी बुक्सले प्रकाशनमा ल्याएको यस पुस्तक जेन्जी पुस्ताका लागि मार्गदर्शन बन्ने विश्वास गरिएको छ ।

उहाँका धेरै पुस्तकको शिर्षक दुई दुई अक्षरको रहेको हुँदा यही लय समात्दै यस किताबको नाम पनि "माँ बा" राख्नु भएको देखिन्छ । वास्तवमा माँ र बा त ती दुई अक्षर हुन्, जुन प्राणी मात्रले जीवनमा पहिलो उच्चारण गर्ने शब्द हुन् । यसले प्रेम र सुरक्षाको अनुभूति दिन्छ । आमा बाबुको सम्झना मात्र होइन, उनीहरू जीवित छँदाखेरि सम्मान, माया र सेवा गर्नु नै सन्तानको महान कर्तव्य हो भन्ने कुरा पुस्तकले प्रष्ट्याउँछ । भावी पुस्ताका लागि हस्तान्तरण गरिएको यस पुस्तकमार्फत लेखकले आफ्ना आमा-बाबुप्रतिको श्रद्धाञ्जलि मात्र होइन–पूजा र संस्कारको दस्तावेजको रूपमा प्रस्तुत गर्नुभएको छ ।रासस

# पर्यटकलाई आवागमनमा सहजीकरण गर्न होटल संघको अह्वान

काठमाण्डु । होटल सङ्घ नेपालले पर्यटकलाई आवागमन सहजीकरण गर्न आह्वान गरेको छ । सङ्घले बुधबार एक विज्ञप्ति जारी गर्दै पर्यटकको आवागमनलाई सहजीकरण गर्दै पर्यटनमैत्री वातावरण सृजना गर्न माग गरेको हो ।

"विद्यमान विषम परिस्थितिबाट देशभर निषेधाज्ञा जारी भएको र विमानस्थल बन्द भई पर्यटक यात्रुहरूको भ्रमण अनिश्चित भएको हुँदा प्राथमिकताका साथ यथाशक्य छिटो व्यवस्थापन गर्नु देशको छवि र पर्यटनको भविष्यसँग प्रत्यक्ष जोडिएको विषय रहेको हुँदा सम्बन्धित सबैबाट यथोचित पहल हुन होटल सङ्घ नेपालले आह्वान गरेको छ", विज्ञप्तिमा भनिएको छ ।

वर्तमान परिस्थितिबाट प्रभावित देशका विभिन्न भागमा रहेका पर्यटकको उपयुक्त व्यवस्थापन एवं सहजीकरण गर्न होटल सङ्घ नेपालले नेपाल पर्यटन बोर्ड तथा नेपाली सेनाको सहकार्य र संयोजनमा कार्य गर्दै आएको सङ्घले उल्लेख गरेको छ । अलपत्र परेका पर्यटकलाई होटल आवास आवश्यकता भए होटल सङ्घ नेपालको हटलाइन सम्पर्क नम्बर ९८५१०३१४९५ मा सम्पर्क गर्न पनि अनुरोध गरिएको छ ।

सङ्घले आसन्न चाडपर्व र पर्यटकीय यामको प्रारम्भ हुने समयमा सिर्जित नयाँ परिवर्तन र सङ्क्रमणकालमा नेपालमा रहेका तथा आउने पर्यटकको उचित व्यवस्थापनमा होटललगायत आतिथ्य क्षेत्र सदाझैँ क्रियाशील रहेको जनाएको छ । यस कार्यमा सम्बद्ध सबै पक्षबाट आवश्यक प्राथमिकता र पहल भएको खण्डमा नेपाल आउने पर्यटकबाट हुन थालेको अत्यधिक एवं अप्रत्यासित ' क्यान्सिलेसन' केही हदसम्म रोक्न मद्दत पुग्ने देखिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

होटललगायतका निजी तथा सार्वजनिक सम्पत्तिमा भएका आगजनी देशकै सम्पत्तिको विनास हो र भोलि पनि आवश्यक पर्ने यस्ता महत्त्वपूर्ण संरचना निर्माणमा देशकै सीमित साधन तथा स्रोत खर्चिनुपर्ने हुँदा थप विनास हुन नदिन सबैमा होटल सङ्घले अपिल गरेको छ ।

सङ्घले परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने महान् युवाको आत्माको चीर शान्तिको प्रार्थना गर्दै घाइतेको स्तरीय स्वास्थ्योपचार र शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।रासस

# हस्तकलाका सामग्री बनाउने सीपमा धनी थारू समुदाय



कञ्चनपुर । थारू समुदाय परम्परागत सीपमा धनी छ । पुर्खौंदेखि थारू समुदायले जोगाउँदै ल्याएका परम्परागत हस्तकलाका सामग्री व्यवसायीकरण हुनसकेका छैनन् ।

बाँस, मूञ्ज, घाँस, सनपाट, माटोलगायत स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने यी सामग्री ग्रामीण जीवनशैलीसँग दैनिक रूपमा जोडिएका छन् । थारू समुदायले आज पनि डेल्वा, ढक्या, पनछोपनी, छिटुवा, छतरी, पत्र , सुप्पा, मच्या, खन्ध्री, भौंका, गाग्री, करुवा, सुराही, गुन्द्री, मौनी, डोरी, सिकहरलगायत सामग्री प्रयोगमा ल्याइरहेका छन् ।

यी मौलिक सामग्री उत्पादन गर्ने सीप पुस्तान्तर भए पनि व्यावसायिक ज्ञान, लगानी र बजार पहुँचको अभावमा लोप हुँदै गएका समुदायका अगुवा नरेन्द्रप्रसाद चौधरीले बताउनुभयो । "परम्परागत सीपलाई उत्पादन र बजारसँग जोड्न सकिने हो भने हजारौं परिवारलाई रोजगारी दिन सकिन्छ", उहाँले भन्नुभयो, "व्यावसायिक सोच र अनुभव नहुँदा सम्भावनामा मात्र सीमित भएको छ ।"

अहिले केही थारू युवायुवती मौलिक सामग्री बनाउने व्यवसायतर्फ आकर्षित हुन थालेका स्थानीय बताउँछन् । हस्तकलाको व्यवसायीकरणतर्फ उहाँहरूको चासो न्यून छ । निर्मित सामग्री बजारसम्म पुर्याउन नसक्दा पुस्तान्तरण हुँदै आएको सीप घरभित्रै सीमित बनेको छ ।

शुक्लाफाँटा नगरपालिकाको उद्योग शाखा प्रमुख धनबहादुर चौधरीका अनुसार परम्परागत हस्तकलाबाट बनेका वस्तुहरू बजारको मागअनुसार परिमार्जन गर्न सके आकर्षक आयआर्जनको स्रोत बन्न सक्छन् । "थारू महिलामध्ये आधकांश परम्परागत चोल्या, लेहङ्गा र अन्य कपडा बनाउन सिपालु छन, आधुनिक डिजाइन र आकर्षक बुट्टा राखेर बनाउन सकिने हो भने बजार खोज्नै पर्दैन", उहाँले भन्नुभयो ।

चलचित्र छायाङ्कन, साङ्गीतिक कार्यक्रम र नृत्यका लागि मौलिक वेशभूषा तथा सजावटी सामग्रीको माग बढ्दो छ । यसैलाई ध्यानमा राखी उत्पादनमा आधुनिकता थपेमा स्थानीयमात्र नभई अन्तरराष्ट्रिय बजारसम्म पनि लैजान सकिने सम्भावना रहेको चौधरीको बुझाइ छ ।

स्थानीयस्तरमा कच्चा पदार्थ पाइनुका साथै श्रमिक सहज रूपमा पाइने भएकाले न्यून लागतमा उत्पादन गर्न सकिने लक्ष्मण चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "थारु समुदाय तराईमा बसोबास गर्ने भएकाले यसरी उत्पादन भएका हस्तकलाका वस्तुहरु सडक र यातायातमार्फत बजारसम्म पुर्याउन सहज छ, यसलाई अवसरका रूपमा उपयोग गर्ने हो भने हस्तकलालाई उद्योगस्तरमा लैजान सकिन्छ ।"

उहाँका अनुसार गाउँमा सुप्पा, गुन्द्री, छतरी अझै बनाइन्छन् । बजारसम्म पुऱ्याउने सीप र लगानी नभएकाले कला ओझेलमा परेका उहाँको भनाइ छ । सरकारले तालिम र बजारको पहुँच पुर्याइदिने हो भने यसैबाट आम्दानी लिन सकिने उहाँले बताउनुभयो ।

बजारको मागअनुसार नयाँ डिजाइन बनाउन तालिम चाहिन्छ", युवा व्यवसायी जानकी चौधरीले भन्नुभयो, "अहिले विदेशी बजारमा पनि नेपाली परम्परागत हस्तकलाको माग छ , यसलाई अन्तरराष्ट्रिय बजारसम्म लैजान सकियो भने आम्दानी गर्न प्रशस्त सम्भवना छन् ।"

"अहिले बजारमा परम्परागत ढाँचाका कपडा, गहना र सजावटी सामग्रीको माग बढ्दो छ", सोभा खुनाले भन्नुभयो, "मौलिक संस्कृतिसँग जोडिएका वस्तुलाई प्राथमिकता दिने प्रवृत्ति बढिरहेको छ, यसले आर्थिक मात्र होइन, सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान दिन्छ ।"रासस

# कृषि कर्जा ब्याज अनुदानमा किसानको सहभागिता शून्यप्रायः



भोजपुर । प्रक्रियागत झन्झटका कारण कोशी प्रदेश सरकारले सञ्चालन गरेको कृषि कर्जा ब्याज अनुदान कार्यक्रमप्रति किसानको आकर्षण नभएको पाइएको छ ।

प्रदेश सरकारले अनुदानको विकल्पमा ब्याज अनुदान कार्यक्रम सञ्चालन गरेको भए पनि यसमा सहभागी किसानको सङ्ख्या शून्यप्रायः छ ।

गत आर्थिक वर्षदेखि सुरु भएको यो कार्यक्रममार्फत हालसम्म एक जना किसानले मात्र ब्याज अनुदानमा ऋण लिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ऋणका लागि सात जना किसानले आवेदन गरेका थिए ।

केन्द्रका सूचना अधिकारी घनश्याम बरालका अनुसार किसानका व्यावसायिक योजना र धितोका आधारमा रु दश लाखदेखि तीन करोडसम्म ब्याज अनुदान प्रदान गर्ने व्यवस्था छ । कृषि कर्जामा ब्याज अनुदानका लागि भोजपुरमा सात वटा बैंकका नौ वटा शाखा सूचीकृत भएका छन् ।

यसैबीच, बैंकको लामो र झन्झटिलो प्रक्रियाको कारण ऋण लिन समस्या रहेको स्थानीय किसान नरबहादुर बस्नेतले बताउनुभयो । धितो मूल्याङ्कनमा समस्या हुँदा यो कार्यक्रममा किसान सहभागी नभएका उहाँले सुनाउनुभयो ।रासस

# सुन्तला बगैँचा स्थापना तथा सुदृढीकरण कार्यक्रम

तनहुँ । जिल्लामा सात हजार ९२५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सुरु गरिएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रले आव २०८१/८२ मा सुन्तला जातका फलफूल बगैँचा स्थापना तथा विस्तारअर्न्तगत उक्त कार्यक्रम गरेको हो ।

कार्यक्रमबाट कृषक परिवार र रोजगारीमा आबद्ध गरी छ सय बढी स्थानीय प्रत्यक्ष लाभान्वित भएका कृषि प्रसार अधिकृत दिनकरमणि आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार ४३ रोपनी क्षेत्रफलमा सुन्तला जात फलफूलको नयाँ बगैँचा स्थापना गरिएको छ । यसबाट २७ कृषकका परिवार लाभान्वित भएका छन् भने छ जनाले रोजगारी पाएका छन् ।

बगैँचा व्यवस्थापन तथा सुदृढीकरणका लागि नौ लाख ७५ हजार ५९० किलो गोठेमल, ५० हजार ८७८ किलो पिना, दुई हजार ३०९ किलो चुना, एक हजार



५४५ किलो निलो तुथो, ४० किलो रेडिमेट बोर्डो मिश्रण र दुई रोल मल्चिङ प्लास्टिक करिब २० रोपनी क्षेत्रफलमा रहेका 'ग्रिनिङ रोग'का बिरुवा हटाई पुनः रोपण कार्यक्रम सञ्चालन भएको कृषि प्रसार अधिकृत आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तीन सय रोपनी कलमी बिरुवा रोपण कार्य सम्पन्न भइसकेको छ ।"

सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा विस्तार कार्यक्रमका लागि रु ९९ लाख बजेट विनियोजन भएको सो कार्यालयले जनाएको छ । आव २०८०/८१ मा एक हजार ६५७ हेक्टर क्षेत्रफलमा सुन्तला बाली उत्पादन हुँदै आएकामा आव २०८१/८२ मा वृद्धि भई एक हजार ६७० हेक्टर क्षेत्रफल पुगेको छ ।

जिल्लामा विभिन्न कार्यक्रममार्फत दुई सय ६१ रोपनी क्षेत्रफलमा विस्तार गरी पाँच हजार ५२२ बिरुवा लगाइएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । रासस

# जसपाका मधेश प्रदेश अध्यक्ष अशोक यादव पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । जनता समाजवादीपार्टी(जसपा)का मधेश प्रदेश अध्यक्ष अशोक यादवलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ । उनलाई जिल्ला प्रहरी कार्यालय, सर्लाहीको टोलीले मलङ्गवास्थित शिवसागर चोकबाट दिउँसोको समयमा हिरासतमा लिएको छ।

प्रहरी स्रोतले जनाए अनुसार, यादवमाथि प्रहरी उपरीक्षक (एसपी) प्रति अपमानजनक शब्द प्रयोग गरेको, अराजकता फैलाउने कार्य र राष्ट्रविरुद्धको गतिविधिमा संलग्न भएको आरोप लगाइएको छ।

उक्त घटनाको अडियो रेकर्डिङ केही दिन अघि सामाजिक सञ्जालमा चर्चाको विषय बनेको थियो। विस्तृत जानकारी अनुसार असार महिनाको अन्तिम हप्तामा पूर्वाधार विकास कार्यालय, मलंगवामा भुक्तानीसम्बन्धी विवाद भएपछि यादवले सर्लाही प्रहरी प्रमुखलाई दुर्व्यवहार गरेका थिए । त्यसपछि उनी लुकेर बसेका थिए र आज मात्र अभियोगमा परेका हुन्। यो कुरा सर्लाही प्रहरीका प्रवक्ता डिएसपी सरोज राईले बताएका छन् ।

यादवलाई आवश्यक कारबाही गरी थप छानबिन अघि बढाइने जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता राईले जनाए।

# लामिछाने र साहसहित ३३ सय कैदीबन्दी फरार









**टुडे समाचारदाता**

काठमाण्डु । नख्खु कारागारबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लमिछाने र पूर्वराज्यमन्त्री संजकुमार साह टकला ६ हजारभन्दा बढी कैदीबन्दी फरार भएका छन् ।

त्यस्तै सुन्धारा केन्द्रीय कारागारबाट नेकपा एमालेका निलम्बित सचिव टोपबहादुर रायमाझी पनि फरार भएका छन् । सो कारागारमा रहेका ३ हजार ८ सय कैदीबन्दीमध्ये अहिले करिब ५ सयमात्रै बाँकी रहेको बताइएको छ । रायमाझी नक्कली भुटानी शरणार्थी प्रकरणमा २ वर्षदेखि थुनामा रहेका थिए ।

रायमाझी भद्र बन्दीगृहमा रहेका थिए । भागेका रायमाझी अहिले कारागारको सम्पर्कमा नरहेको बताइएको छ । जेन-जी प्रदर्शनको क्रममा देशभरका विभिन्न कारागारबाट कैदीहरु भागेका छन् । डिल्लीबजार कारागारमा पनि कैदीबन्दीहरुले आगजनी गरेका थिए । उनीहरुको भाग्ने प्रयास सेनाले असफल बनाएको थियो ।

त्यस्तै रास्वपाका अध्यक्ष सहकारी ठगी मुद्दाका अभियुक्त हुन् भने साह जनकपुर बमकाण्डका अभियुक्त हुन् ।

लमिछानेले सुरक्षाकर्मीहरुलाई धम्क्याएपछि साहसहित कैदीबन्दीहरु भागेका थिए । विभिन्न अपराधमा सजाय काटिरहेका कैदीहरु बाहिर आएपछि सर्वसाधारणमा आतंक फैलिएको छ । यसका साथै जुन अपराधको सजायमा कैद भुक्तान गरिरहेका कैदीहरु बाहिर आएपछि पीडितहरु घर छाडेर अन्यत्र भागिरहेका छन्।

कानुनी दायरामा आएका धेरै जसो कारागारबाट बाहिर आएपछि समाज अर्को आतंकमा प्रवेश गरेको छ । यहाँ पीडित र अनुसन्धानकर्ताभन्दा पीडक र पीडकलाई संरक्षण गर्नेहरु शक्तिशाली भएका कारण उनीहरु घर छाडेर हिँड्न बाध्य भएका छन् ।

राज्यको आधारभूत कर्तव्य शान्ति सुरक्षाको प्रत्याभूति हो । त्यो कर्तव्यबाट राज्य लगभग च्युत भएको छ । यतिबेला राज्य संयन्त्र सबै खलबलिएको र केही भए कोही कसैले उद्धार गर्ने, संरक्षण गर्ने र कानुनी दायरामा ल्याइहाल्ने अवस्था छैन । कसैले तारो नबनाएकाहरू मात्र सुरक्षित छन् भने पनि हुन्छ । सरकारी संयन्त्रमध्ये शान्ति सुरक्षा प्राथमिक जिम्मेवारी गृह प्रशासन र अपराध नियन्त्रण प्रहरीको कार्यक्षेत्रमा पर्छ। देशभर प्रहरीका सबै संरचना प्रभावहीन भएका छन् । प्रहरीले बोकेका हतियार भौतिक संरचना माथि धावा बोलिएको छ।

अपराध नियन्त्रण, अनुसन्धान र उपचारात्मक सबै मोर्चामा प्रहरी/प्रशासन विफल भएको छ । सुरक्षा स्थितिमा आएको सम्पूर्ण स्खलनको भारी कसले लिने हो भन्नेमा कोही जिम्मेवार छैनन् । अपराधीहरुले यही मौका पारेर थप अपराध गर्ने र इगो साँध्ने काम हुनसक्छ। मंगलबार दिनभरको दृश्य हेर्ने हो साना र स्वचालित हतियारको बोकेका धेरै मानिसहरु सडकमा थिए । ती मानिसहरु कहाँबाट आए भन्ने अहिलेसम्म एकिन भएको छैन ।

छुटेका कैदीहरुले देशभरका अदालतलाई निशाना बनाउँदा प्राय सबै अदालत जलेका छन् । अब उनीहरुको निशाना न्यायाधीश र उजुरीकर्ता माथि प्रस्ट छ । सुरक्षा अवस्था प्राय शून्य भएको बेला समाज यस्तै आतंकले थप ध्वस्त हुने निश्चित देखिएको छ । रवि लामिछानेले आफू गृह सचिवको आदेशले छुटेको भनेको केही समयमै त्यही नख्खु कारागारबाट कुख्यात अभियुक्त सञ्जय टक्ला निस्केर हिँडेका थिए ।

लमिछानेले आफू गृह सचिवको निर्णयमा छुटेको बताएपछि अन्य कैदीहरुले आफू किन छुट्न नपाउने भन्दै आन्दोलन गरेका थिए । सञ्जय टक्ला निस्केपछि मधेशभर सर्वसाधारण आतंकित भएका छन् । १८ वैशाख २०६९ मा जनकपुरको रामानन्द चोकमा ५ जनाको ज्यान जाने गरी भएको वम विष्फोट घटनाको मुख्य नाइकेको अभियोगमा उनी सजाय काटिरहेका थिए । अहिले नख्खु कारागार नै पूरै खाली भएको छ । डिल्ली बजार कारागारका कैदीहरु आफैले आन्दोलन गरेर आगो लगाएपछि सेनाले बाध्य भएर छाडेको छ । डिल्ली बजार र नख्खुमात्र होइन देशभरका कारागारबाट कैदीहरु निस्केपछि अदालत, प्रहरी प्रशासन र पीडितहरुलाई निशाना बनाइरहेका समाचारहरु आइरहेका छन् ।

कैलाली कारागार पनि पूरै खाली छ। कास्की कारागारबाट पनि धेरै कैदीबन्दी भागेका छन् । झुम्का कारागार, सोलु कारागार, रौतहट कारागार, मकवानपुरको भीमफेदी कारागारबाट म्याग्दी लगायतका सबैजसो कारागारबाट अपराधीहरु बाहिर आएका छन् । विभिन्न जघन्य अपराधमा कारागारमा पुगेकाहरू धमाधम बाहिर निस्कन थालेपछि उनीहरूबाट सुरक्षा थ्रेट हुन थालेको छ ।

# विद्यालय अनिश्चितकालीन बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । 'जेन- जी' आन्दोलनका क्रममा ज्यान गुमाएका विद्यार्थीप्रति श्रद्धाञ्जली अर्पण गर्दै जनकपुरधामभित्रका सम्पूर्ण विद्यालय तथा कलेजहरू अनिश्चितकालीन रूपमा बन्द गरिने भएका छन् ।

निजी विद्यालयहरुको छाता संगठन प्याब्सन जनकपुरधाम र नेशनल प्याब्सन जनकपुरधामले संयुक्तरूपमा जारी गरेको विज्ञप्तिमा हालको परिस्थिति र सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै अर्को सूचना नआएसम्मका लागि पठनपाठन बन्द गरिएको उल्लेख गरिएको छ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'आन्दोलनका क्रममा शहादत प्राप्त गरेका विद्यार्थीहरूप्रती हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं। शोकाकुल परिवारप्रति गहिरो संवेदना व्यक्त गर्दै हालको असुरक्षित अवस्थालाई मध्यनजर गर्दै विद्यालय तथा कलेजहरूको पठनपाठन अर्को सूचना नआएसम्मका लागि स्थगित गरिएको जानकारी गराउन चाहन्छौं।'

प्याब्सन जनकपुरधाम र नेशनल प्याब्सन जनकपुरधामले जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ, 'सडकमा भइरहेको प्रदर्शन, सुरक्षाकर्मी र आन्दोलनकारीबीच भइरहेका झडप तथा त्यसबाट उत्पन्न असुरक्षित वातावरणका कारण विद्यार्थी र अभिभावक त्रासमा रहेको छ।'

शैक्षिक संस्थाहरूले भने शान्ति, स्थायित्व र वार्तामार्फत समस्या समाधान गर्न सबै पक्षसँग अपिल गरेका छन् ।

# कांग्रेसद्वारा आत्मालोचना



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले 'जेन-जी' आन्दोलनपछि देशमा उत्पन्न विषम परिस्थितिलाई मध्यनजर आत्मलोचना गरेको छ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बुधबार संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै जेन-जी समूहलाई संवादमार्फत समाधान गर्न आग्रह गर्दै आफूहरूले विगतमा नयाँ पुस्ताको भावना बुझ्न नसकेकोमा आत्मालोचना गरेको छ।

उनीहरुले राष्ट्रपतिले थालेको संवादको पहललाई स्वागत गरेका छन् भने आन्दोलनमा भएको घुसपैठ र हिंसाको निन्दा गरेका छन् ।

कांग्रेसले जेन-जी पुस्ताको भावनाअनुसार नै समाधान खोजिनुपर्ने तर त्यसको बाटो संवैधानिक हुनुपर्नेमा जोड दिएको छ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'विधि विहीनताले थप अराजकता निम्त्याउँछ,' विज्ञप्तिमा भनिएको छ, 'अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शुन्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस् ।'

महामन्त्रीद्वय थापा र शर्माले जारी गरेको विज्ञप्ति अनुसार सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत जस्ता संरचनामा भएको आगजनी जेन-जीको माग नभइ आन्दोलनमा नियतवश पसेका स्वार्थ समूहले गरेको विध्वंस भएको बताएका छन् ।

'जेनजी युवाहरुको स्वस्फुर्त प्रदर्शनमा विभिन्न स्वार्थ समूहहरुले गरेको घुसपैठ, हिंसा, हत्या र योजनाबद्ध आगजनीको कठोर निन्दा गर्छौं', विज्ञप्तिमा लेखिएको छ ।

सो विज्ञप्तिमा कांग्रेसले सत्तामा रहँदा जनअपेक्षाअनुसार काम गर्न नसकेको, बेथिति र भ्रष्टाचार बढेको विषयमा गम्भीर आत्मसमीक्षा गरिरहेको स्वीकार गरेको छ ।

'नयाँ पुस्ताको लय र चाहना समयमै बुझ्न नसकेकोमा हामी आत्मालोचित छौं,' भन्दै कांग्रेसले युवाहरूको आकांक्षाअनुसार पार्टीलाई जरैदेखि पुनर्निर्माण गर्ने प्रतिबद्धता जनाएको छ ।

यसका साथै, कांग्रेसले सोमबार भएको अत्यधिक बल प्रयोगको उच्चस्तरीय छानबिन गरी दोषीलाई कारबाही गर्न, प्रधानमन्त्रीले समयमै परिस्थितिको गम्भीरता नबुझ्दा क्षति बढेको र सभापति शेरबहादुर देउवाको निवासमा भएको आक्रमणको भर्त्सना गरेको छ ।

# जनकपुरधामको अवस्था सामान्य



**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी पुस्ताले सोमबार र मंगलबार गरेको आन्दोलनका कारण आक्रान्त बनेको जनकपुरधाम बुधबार शान्त रहेको छ।

जनकपुरधाममा बुधबार बिहान मुजेलियास्थित भाटभटेनीमा ढुंगामुढाबाट बाहिर रहेको केही सामग्रीहरुमा तोडफोड आन्दोलनकारीले गरेका थिए । भाटभटेनीमा आन्दोलनकारीले ढुंगामुढा गर्न थालेपछि नेपाली सेनाले आन्दोलनकारीलाई लेखेटेका थिए।

त्यस्तै धनुषाको धनुषाधाममा प्रदर्शनकारीहरूले ठाकुरप्रसाद ढुंगानाको सालिक लगायतका संरचना तोडफोड गरिएको बताइन्छ।

त्यसैगरि कमला नगरपालिकाका मेयर विशेश्वर यादव, हंसपुर नगरपालिकाका मेयर प्रदीप यादव लगायतका घरमाथि पनि आन्दोलनकारीहरुको एक समूहले जनधनको क्षति गरेका छन् ।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशसभाको कार्यालय, मुजेलिया प्रहरी चौकी, रेल्वे स्टेशन प्रहरी चौकी, बलवा प्रहरी चौकी, जिरोमाइल प्रहरी चौकी, जानकी प्रहरी चौकी, नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र धनुषा, जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय, प्रशासन कार्यालय, पूर्वमन्त्री रघुवीर महासेठ, पूर्वमन्त्री विमलेन्द्र निधि, बृहत्तर क्षेत्र विकास परिषद्को कार्यालयलगायतमा मंगलबार आगजनी गरिएको थियो ।

# रौतहटका कैयौं नगरपालिकामा अराजकता : लुटपाट, तोडफोड र आगजनीबाट करोडौंको क्षति



**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाका विभिन्न नगरपालिकामा जेन-जी आन्दोलनको आवरणमा अराजक समूहले व्यापक लुटपाट, तोडफोड र आगजनी गरेका छन् । गरुडा, कटहरिया, चन्द्रपुर, फतुवा विजयपुर, गौर लगायतका नगरपालिकामा मंगलबार दिनभरदेखि बेलुकीसम्म भएका घटनाले करोडौं रुपैयाँ बराबरको क्षति पुगेको अनुमान गरिएको छ ।

गरुडा नगरपालिकामा आन्दोलनकारी भन्दै आएका अराजक समूहले कार्यालयमा प्रवेश गरी महत्वपूर्ण कागजात, कम्प्युटर, ल्यापटप, प्रिन्टर, ब्याट्री, इनभर्टर, दराज, सोफा लगायतका सामान तोडफोड तथा लुटपाट गरेका थिए । त्यसपछि कार्यालयभित्र र बाहिर निकालेका सामग्रीमा आगो लगाइदिएका थिए ।

नगर प्रमुख कन्थमणि जयसवाल चढ्ने गाडी, नगर प्रहरीको गाडी र एक ट्र्याक्टरसहित तीनवटा सवारीसाधन जलाइएका छन् । आगलागीले भवन समेत क्षतिग्रस्त भएको छ। जलेर नष्ट भएका सामग्री र गाडी जोड्दा करोडौं रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ।

मेयर जयसवालले यो गतिविधिलाई "राजनीतिक प्रतिशोध र योजनाबद्ध तोडफोड" भन्दै विपक्षीहरूले जेन-जी आन्दोलनको नाम दुरुपयोग गरेको आरोप लगाए। बुधबार दिउँसो दर्जनौं संख्यामा किशोरहरूले उनको घरमा समेत आक्रमण गर्ने प्रयास गरेका थिए, तर प्रहरीको तत्कालीन हस्तक्षेपपछि उनीहरू भागेको डिएसपी राजन कार्कीले बताएका छन् ।

कटहरिया नगरपालिकामा पनि मंगलबार बेलुकी अराजक समूहले कार्यालयमा तोडफोड गरी कागजात, कुर्सी, टेबल, स्टील दराज, पंखा लगायतका सामग्री लुटपाट गरेका थिए । त्यसपछि तीनवटा गाडी र कार्यालय सामग्रीमा आगो लगाइएको नगर प्रमुख अजय प्रकाश जयसवालले जानकारी दिए ।

प्रत्यक्षदर्शीका अनुसार नगरका करारका केही कर्मचारी र केही स्थानीयले कुर्सी, टेबल, स्टील दराज, पंखा लगायत कार्यालयका सामान आ-आफ्नो घरमा लगेका थिए।

चन्द्रपुर र फतुवा विजयपुर नगरपालिकामा पनि मंगलबार दिउँसो तोडफोड, लुटपाट र आगजनी भएको छ । विस्तृत क्षति विवरण भने कर्फ्यू र कार्यालय बन्द भएकाले संकलन हुन सकेको छैन ।

चन्द्रपुरमा प्रदर्शनकारीहरूले नगरपालिका कार्यालयसँगै इलाका प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवनमा समेत आगो लगाएर पूर्ण रुपमा क्षति पुर्याएको प्रमुख जिल्ला अधिकारी खड्काले जानकारी दिएका छन् ।

त्यस्तै, चन्द्रनिगाहपुरमा प्रदर्शनकारीले रौतहट घर भएका संघीय सांसद देवप्रसाद तिमलसिना, प्रदेशसभा सदस्य युवराज भट्टराई, नगरप्रमुख सञ्जयकुमार काफ्ले, सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारीको घर र नेकपा एमाले चन्द्रपुर नगर कमिटी कार्यालयमा समेत आगो लगाएका थिए ।

गौर नगरपालिकाको कार्यालय, नेकपा एमाले, नेपाली कांग्रेसलगायत दलका पार्टी कार्यालयहरूमा समेत तोडफोड र आगजनी भएको छ ।

# मधेशका कारागारबाट सयौं कैदीबन्दी फरार



**टुडे समाचारदाता**

मधेश प्रदेशको केही कारागारबाट करिब एक हजार जति कैदीबन्दी फरार भएको बताइएको छ । मधेश प्रदेशको सप्तरी, महोत्तरी र रौतहटस्थित कारागार गरी ९८३ कैदीबन्दी फरार भएको बताइन्छ।

सप्तरीको राजविराज, महोत्तरीको जलेश्वर र रौतहटको गौर कारागारबाट जेन- जी आन्दोलनमा भएको आगजनी र तोडफोड गरी भागेका छन् ।

सप्तरीको राजविराजस्थित सप्तरी कारागारबाट २०५ कैदीबन्दी फरार रहेका छन् । जसमध्ये ३१ जनालाई नियन्त्रणमा लिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए ।

हाल ३९८ जना कैदीबन्दी रहेकोमा सोमध्ये एकसयभन्दा बढी कैदी फरार भएको पुष्टि भएको बताए । उनले भने, "आगो नियन्त्रणमा लिन तथा सुरक्षाका लागि नेपाली सेनासहितका सुरक्षा निकाय परिचालन गरिएको छ ।"

फरार कैदीबन्दीहरूको खोजी कार्य तीव्र पारिएको उनको भनाइ छ । कारागारभित्र अहिले नेपाली सेनाले कडा सुरक्षा दिइरहेका छन् । आगलागीबाट कारागारको संरचना पनि क्षतिग्रस्त भएको प्रारम्भिक जानकारी आएको छ। सो घटनाबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक बस्नेतले बताए।

त्यस्तै महोत्तरीको जलेश्वर कारागारबाट मंगलबार साँझ सबै ५७६ कैदीबन्दी भागेका छन् । मधेश आन्दोलनका क्रममा भएका सशस्त्र प्रहरीका सई थमन विक हत्या प्रकरणको अभियोगमा रहेका ६ केदीलाई आन्दोलनकारी रिहाइ गराउन गएको बेला कैदीबन्दी पनि आन्दोलन गरेर भागेका छन् ।

त्यस्तै गौर कारागारबाट २३३ कैदीबन्दी फरार भएका छन् । २९१ कैदी रहेको जेलमा तोडफोड गरी २४ जना बाहेक सबै फरार छन् ।त्यस्तै सर्लाहीको मलंगवा कारागारमा आन्दोलन गरेर कैदीबन्दी आगजनी गरेर भाग्न खोजेपनि तीनवटै सुरक्षा निकायले नियन्त्रणमा लिएका छन् । आगजानी नियन्त्रणमा लिएका थिए ।

सो जेलमा विवादित धर्मगुरु रामबहादुर बमजन छन् । उनका समर्थकहरू उनलाई त्यहाँ आक्रमण गरेर छुटाउन पुगेका थिए ।

तर सुरक्षाकर्मीले धपाए भने आगजनी नियन्त्रणमा लिन सफल भएका थिए । सो क्रममा कयौं राउण्ड हवाई फायर र अश्रुग्यास सुरक्षाकर्मीले प्रहार गरेका थिए ।

त्यस्तै वीरगञ्जको कारागारबाट भाग्न खोजेपछि रातिदेखि नै तनाव थियो । नेपाली सेनाले गोली चलाएर वीरगञ्जमा कैदीबन्दीलाई रोकेको छ । अहिले देशका धेरै कारागारमा नेपाली सेना परिचालन गरिएको छ ।

सुरक्षाकर्मीको सक्रियताले रोक्न सफल भएको र अहिले अवस्था सामान्य रहेको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए ।

# खाद्य गोदामबाट चामल र चिनी लुटपाट



**टुडे समाचारदाता**

लहान । 'जेन-जी' आन्दोलनका क्रममा लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा तोडफोड र लुटपाट गरिएको छ । आन्दोलनकारीको एक समूहले हजारौं क्वीन्टल चामल र चिनी लुटेका छन् ।

सो कम्पनीका लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोले भने, "गोदाममा भण्डारण गरिएको करिब सात हजार क्वीन्टल जिरा मसिना चामल, ५०० क्वीन्टल सोना मन्सुली चामल र तीन हजार ५०० क्वीन्टल चिनी लुटिएको छ ।"

उनले ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेपछि आन्दोलनकारीहरूले खाद्य गोदाममा आक्रमण गरेको बताए ।

लुटपाटपछि कार्यालयको चारपांग्रे सवारी साधनमा आगजनी गरिएको छ। हाल नेपाली सेनासहितका सुरक्षाकर्मीहरूले सुरक्षा प्रदान गरेका थिए ।

त्यस्तै सिराहाको लहानसहितका ठाउँमा प्रदर्शनकारीहरुले तोडफोड र आगजनी गरेका थिए । प्रदर्शनकारीहरुले जिल्ला सदरमुकाम सिराहा तथा लहानमा करिब एक दर्जन कार्यालयहरुमा आगजनी गरे ।

सिराहा जिल्ला अदालतमा पनि मंगलबार साँझमा प्रदर्शनकारीले आगजनी गरे। उनीहरुले त्यसअघि नापी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयमा आगजनी गरेका थिए।

लहान नगरपालिका, घरेलु कार्यालय, इलाका प्रशासन कार्यालय, आन्तरिक राजश्व कार्यालयमा आगजनी गरेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८